# विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम कार्यकारी समितिद्वारा

मिति २०८१/०१/०३ मा स्वीकृत

प्रथम संशोधन मिति २०८१/०९/२१

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

**विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१**

**प्रस्तावनाः** विपद्बाट क्षतिग्रस्त वा जोखिममा रहेका निजी आवासलाई सुरक्षित तरिकाले प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाका लागि प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**ऐन**" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "**कार्यविधि**" भन्नाले विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१" सम्झनु पर्छ ।

(ग) "**कार्यकारी समिति**" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(घ) "**कोष**" भन्नाले ऐनको दफा २२ र २३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ र सो शब्दले नियम ११ बमोजिम हरेक जिल्लामा सञ्चालित जिल्ला विपद् व्यवस्थापन कोष समेतलाई जनाउँछ।

(ङ) "**गुनासो**" भन्नाले कार्यविधिको दफा २० को उपदफा (२) बमोजिम प्राप्त गुनासो र उजुरीलाई सम्झनु पर्छ।

(च) **"जोखिम वर्ग"** भन्नाले एकल महिला वा अपाङ्गता भएका व्यक्ति वा ज्येष्ठ नागरिक वा दीर्घरोगी वा गर्भवती वा सुत्केरी महिला वा बालबालिका मात्र भएको परिवार सम्झनु पर्छ।

(छ) "**जिल्ला विपद् व्यवस्थापन समिति**" भन्नाले ऐनको दफा १६ बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज) "**नियम**" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनु पर्छ।

(झ) "**निजी आवास**" भन्नाले व्यक्ति वा परिवारको स्वामित्वमा रहेको घर वा आवास सम्झनु पर्छ।

(ञ) **"परिवार"** भन्नाले एकाघर सगोलका पति, पत्नी, बाबु, आमा, छोरा, बुहारी, धर्मपुत्र, अविवाहित छोरी, धर्मपुत्री, दाजु, भाइ, अविवाहित दिदी, बहिनी र विवाहित महिलाको हकमा सासु, ससुरा समेतलाई सम्झनु पर्छ।

(ट) **"पुनर्निर्माण"** भन्नाले विपद्बाट क्षति भएको निजी आवास लाभग्राहीको साविककै वा निज वा निजको परिवारको कुनै सदस्यको स्वामित्वमा रहेको अन्य कुनै उपयुक्त जग्गामा सुरक्षित नवनिर्माण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ठ) **"पुनर्स्थापना"** भन्नाले विपद्बाट क्षति भएको संरचना रहेको स्थानमा पुनर्निर्माण गर्न नमिल्ने र निजको बसोबास योग्य निजी आवास र जमिन अन्यत्र कतै नभएको वा विपद् प्रभावित भूमिहीन परिवारलाई अन्यत्र बसोबास गराउनुपर्ने अवस्थालाई सम्झनु पर्छ।

(ड) **"प्रबलीकरण"** भन्नाले विपद्बाट क्षतिग्रस्त लाभग्राहीको निजी आवास प्रबलीकरण (रेट्रोफिटिंग) गर्ने कार्य सम्झनु पर्छ।

(ढ) **"प्रदेश मन्त्रालय"** भन्नाले सम्बन्धित प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी काम हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) **"प्राधिकरण"** भन्नाले ऐनको दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(त) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(थ) **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम विपद्बाट क्षति पुगेका निजी आवासका परिवार सम्झनु पर्छ। यो शब्दले यस कार्यविधि बमोजिम सञ्चालन गरिने जोखिमयुक्त बस्ती स्थानान्तरण र एकीकृत बस्ती विकासका लागि सूचीकृत गरिएका विपद् प्रभावितलाई समेत सम्झनु पर्छ।

(द) **"संघीय निकाय"** भन्नाले नेपाल सरकारको संघीय मन्त्रालय, सचिवालय, आयोग, विभाग र प्राधिकरणलाई समेत सम्झनु पर्छ।

(ध) **"स्वयंसेवक"** भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कामका लागि बिना पारिश्रमिक स्वेच्छाले खटिने जनशक्ति सम्झनु पर्छ।

(न) **"स्थानीय तह"** भन्नाले सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(प) **"स्थानीय विपद् व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(फ) "**सूचना प्रणाली**" भन्नाले विपद् व्यवस्थापनका सन्दर्भमा प्रयोगमा ल्याइएका वा प्रयोगमा ल्याइने विद्युतीय सूचना व्यवस्थापन प्रणाली वा विद्युतीय तथ्यांक सङ्कलन गर्ने प्राधिकरणद्वारा निर्माण गरिएको सूचना व्यवस्थापन प्रणाली सम्झनु पर्छ।

(ब) "**हकवाला**" भन्नाले पैतृक सम्पत्तिमा कानून बमोजिम हक लाग्ने व्यक्ति सम्झनु पर्छ।

(भ) "**विकास साझेदार**" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, अन्तरसरकारी निकाय, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी संस्था सम्झनु पर्छ।

(म) "**विपद्बाट क्षति**" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन, २०८१) को परिच्छेद १ को दफा २ (घ) र (झ) बमोजिमका विपद्बाट निजी आवासमा पुगेको क्षतिलाई सम्झनु पर्छ। यो शब्दले बहुस्वामित्वमा रहेका बहुतले आवासमा पुगेको क्षतिलाई समेत जनाउनेछ।

## परिच्छेद-२

## क्षतिको लेखाजोखा, आकलन तथा प्रभाव मूल्याङ्कन

**३. प्रारम्भिक लेखाजोखा:** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र विपद्बाट क्षति पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा गर्नेछ। स्थानीय तहले विपद् घटनाबारे प्रभावित स्वयंले दिएको सूचना वा अन्य कुनै माध्यमबाट प्राप्त सूचनाको आधारमा प्रारम्भिक लेखाजोखा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विपद्का घटनाको प्रारम्भिक लेखाजोखा तयार गर्दा स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा क्रियाशील संघसंस्था, स्वयंसेवक, स्थानीय प्रहरी वा अन्य निकायको सहयोग लिन सक्नेछ। यसरी सहयोग माग भएमा सम्बन्धित निकायले सहयोग गर्नुपर्नेछ। प्रारम्भिक लेखाजोखाको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी राख्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलित विवरणको आधारमा स्थानीय तहले क्षति तथा नोक्सानीको संक्षिप्त प्रतिवेदन तयार गर्नेछ।

**४. विपद् प्रभावित निजी आवासको विस्तृत क्षति आकलन:** (१) दफा ३ बमोजिमको प्रारम्भिक लेखाजोखा तयार गरे पश्चात् विपद्बाट क्षति भएका निजी आवासको विस्तृत अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित विषयका विज्ञ प्राविधिकबाट सम्बन्धित स्थानीय तहले विपद् प्रभावित निजी

आवासको विस्तृत क्षति आकलन (Detailed Damage Assessment) गर्नुपर्नेछ र विस्तृत क्षति आकलनबाट संकलित आर्थिक, सामाजिक र प्राविधिक तथ्यांक समेतको विश्लेषण गरी निजी आवासको क्षतिको स्तर (Damage Grade) यकिन गर्नुपर्नेछ। विस्तृत क्षति आकलन विवरण सूचना प्रणालीमा अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्नेछ।

तर ठूलो संख्यामा क्षति भई मूल्याङ्कन गर्नु पर्ने भएमा स्थानीय तहको अनुरोधमा प्रदेश सरकार वा प्राधिकरणबाट विस्तृत क्षति आकलन (Detailed Damage Assessment) गर्नुपर्नेछ। यसरी गरिएको विस्तृत क्षति आकलन सर्वेक्षण पश्चात् संकलित सूचनाको विश्लेषण गरी लाभग्राहीको वर्गीकरणको सूचीसहित सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ। स्थानीय तहले उक्त सूची बमोजिमका लाभग्राहीको विवरण सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विस्तृत क्षति आकलन अनुसूची-२ बमोजिमको ढाँचामा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम विस्तृत क्षति आकलनको लागि स्थलगत सर्वेक्षण सम्पन्न गरेपश्चात् अनुसूची-२ बमोजिमको विपद् प्रभावित परिवारको लगत सङ्कलन गर्दा अनुसूची-३ बमोजिम लगत सङ्कलन कार्य सम्पन्न निस्सा जारी गरी एकप्रति विपद् प्रभावित निजी आवास धनीलाई दिनुपर्ने तथा एकप्रति स्थानीय तहमा राख्नुपर्नेछ।

(४) विपद् प्रभावित क्षेत्रमा प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुअघि उपदफा (१) बमोजिम यकिन गरिएको क्षतिको स्तर (Damage Grade) को आधारमा गर्नुपर्नेछ।

**५. <u>प्रभाव मूल्याङ्कनः</u>** (१) स्थानीय तहले विपद्‌बाट क्षति भएको घटनाको सम्बन्धमा दफा ४ को उपदफा (१) बमोजिमको विस्तृत क्षति आकलन समेतको आधारमा विपद्‌को प्रकृति, प्रभाव र सम्भावित असरको बारेमा प्राविधिक अध्ययन, विश्लेषण र मूल्याङ्कन सहितको प्रभाव मूल्याङ्कन (Impact Evaluation) गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विपद् प्रभाव मूल्याङ्कन गर्दा अनुसूची-४ बमोजिमको ढाँचालाई आधार लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम विपद् प्रभाव मूल्याङ्कन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा क्रियाशील संघसंस्थाको सहयोग लिन सक्नेछ। यसरी सहयोग माग भएको खण्डमा सो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम विपद् प्रभाव मूल्याङ्कन गर्न मूल्याङ्कनको क्षेत्र (Scope) को आधारमा जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेश मन्त्रालय वा प्राधिकरणको सहयोग लिन सक्नेछ।

# परिच्छेद-३

## लाभग्राही पहिचान र कायम

६. **लाभग्राही पहिचानः** (१) स्थानीय विपद् व्यवस्थापन समितिले देहायको आधारमा लाभग्राहीको पहिचान गरी सूची सहितको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनु पर्नेछः-

(क) अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रणालीमा प्रविष्ट गर्ने गरी सूचना सङ्कलन प्रणाली मार्फत सङ्कलन गरिएको लगत र सो बमोजिमको क्षति विश्लेषण,

(ख) विपद्का घटनाबाट क्षति भएको निजी आवास बाहेक सोही स्थान वा अन्यत्र बसोबास योग्य अर्को निजी आवास नभएको व्यक्ति वा परिवार,

(ग) सम्बन्धित वडाले लाभग्राही कायम गर्न गरेको सिफारिस,

(घ) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि,

(ङ) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा बसोबासको प्रमाण खुल्ने कुनै कागजात वा भोगचलन खुलेको निस्सा, प्रमाण वा वडा सर्जमिन,

(च) यस कार्यविधि बमोजिम जोखिम वर्गमा पर्ने भए सोको पुष्टि हुने सरकारी निकायबाट जारी भएको कागज प्रमाण।

(२) उपदफा (१) बमोजिम लाभग्राही पहिचान गर्दा एक परिवारबाट एकभन्दा बढी लाभग्राही नपर्ने गरी गर्नुपर्नेछ।

तर विपद्को घटना हुनुभन्दा अगावै अंशवण्डा गरेका वा कानून बमोजिम मानो छुट्टिई भिन्न बसेका निजी आवास परिवारको हकमा दफा ९ को उपदफा (५) बमोजिम हुनेछ।

(३) उपदफा (१) (क) बमोजिमको विवरण विपद्बाट क्षति भएको घरधनी स्वयंबाट लिनुपर्नेछ। यदि कुनै कारणवश घरधनी उपलब्ध नभएमा एकाघर परिवारको कम्तीमा १६ वर्ष उमेर पुरा भएको कुनै सदस्यबाट लिन सकिनेछ।

(४) सार्वजनिक र सरकारी जग्गामा बसोबास गरेका व्यक्तिलाई लाभग्राही पहिचान गरिने छैन।

७. **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयः** दफा ४ बमोजिम विस्तृत क्षति आकलन, सूचना प्रणालीमा प्रविष्ट भएको लगत र क्षतिको स्तर (Damage Grade) का आधारमा गर्नुपर्ने प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राही छुट्टयाई स्थानीय विपद् व्यवस्थापन

समितिको निर्णयसहित लाभग्राही कायम गर्नको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्नुपर्नेछ।

८. **लाभग्राही कायम गर्ने:** (१) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ७ बमोजिमको सिफारिसको आधारमा प्राप्त विवरणको अध्ययन र विश्लेषण गरी लाभग्राही कायम गर्नेछ। लाभग्राही कायम गर्दा प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाका लाभग्राही वर्गीकरण गरी छुट्टाछुट्टै विवरण तयार गर्नुपर्नेछ। कुनै लाभग्राही जोखिम वर्गमा पर्ने भए सो समेत खुलाउनु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ६ को अधिनमा रही देहाय बमोजिमका थप आधारहरुमा लाभग्राही कायम हुने व्यक्ति छनौट गर्न सक्नेछः-

(क) एकाघर परिवारको सदस्यको नाममा घरजग्गा भएको तर घर जग्गाको स्वामित्व भएको सदस्य विदेशमा भएको अवस्थामा निजी आवास बनाउनका लागि दोहोरो लाभग्राही कायम नहुने गरी घरपरिवारको नाता प्रमाणित भएका हकवाला व्यक्तिहरुमध्ये घर/जग्गा धनीले आफूले चाहेको कुनै एक जनाको नाममा अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिनिधि तोकी लाभग्राही कायम गराउन सक्नेछ।

(ख) विपद् प्रभावित जिल्लाका जोखिमयुक्त स्थानमा जग्गा भएको कारणले स्थानान्तरण हुनुपर्ने व्यक्ति,

(ग) जग्गाधनीको मृत्यु भई हकवालामा नामसारी हुन बाँकी भएको अवस्थामा मृतकको हकवालाले मृत्यु दर्ता प्रमाणपत्रसहित निवेदन दिएकोमा सबै हकवालाको मञ्जुरीमा हकवालामध्ये कुनै एक व्यक्ति।

(३) लाभग्राही कायम भएको परिवारलाई देहायको प्रक्रिया पूरा गरी स्थानान्तरण गर्नुपर्नेछ।

(क) फरक स्थानीय तह भएमा लाभग्राहीको हालको (Origin) स्थानीय तह र जान चाहेको (Destination) स्थानीय तह दुवैको सहमति रहेको ब्यहोराको पत्रको आधारमा गर्नुपर्नेछ।

(ख) लाभग्राहीको स्थानान्तरण सोही जिल्लाको अन्य स्थानीय तहमा हुनसक्नेछ। लाभग्राहीको स्थानान्तरण गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः -

१. लाभग्राहीको विस्तृत क्षति आकलन (Detail Damage Assessment) र पहिचानसम्मको कार्य हालको (Origin) स्थानीय तहबाट गर्ने,

२. हालको (Origin) स्थानीय तह र जान चाहेको (Destination) स्थानीय तहको सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयको आधारमा हालको (Origin) स्थानीय तहले लाभग्राही स्थानान्तरण (Transfer) गर्ने,

३. लाभग्राही कायम पछिका सबै कार्य स्थानान्तरित (Destination) स्थानीय तहले गर्ने,

४. लाभग्राहीले स्थानान्तरण नहुँदै हालको (Origin) स्थानीय तहबाट कुनै किस्ता बापत अनुदान पाइसकेको भए स्थानान्तरण नहुने,

५. स्थानान्तरण हुनुअघि जान चाहेको (Destination) स्थानीय तहमा घडेरीयोग्य जग्गा भए नभएको बारे जग्गाधनी पूर्जाको आधारमा यकिन गर्ने।

(४) लाभग्राही कायम गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्णयका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक देखेमा प्राविधिक कर्मचारी खटाई पुनः मूल्याङ्कन गरी लाभग्राही कायम गर्न सक्नेछ।

(५) यस दफा बमोजिम कायम भएको लाभग्राहीको सूची अनुदान सम्झौताका लागि जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिमा, स्थानीय तह मार्फत वडा कार्यालयमा र लाभग्राहीको खाता खोल्ने प्रयोजनको लागि पायक पर्ने बैंक तथा वित्तीय संस्थामा पठाउनुपर्नेछ।

(६) पुनर्निर्माण र पुनर्स्थापनाका लाभग्राहीले निजी आवास पुनर्निर्माण सम्झौता गर्नुअघि स्वीकृत मापदण्ड बमोजिम आवासको नक्सा तथा डिजाइन सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनुपर्नेछ। साथै, प्रबलीकरणको हकमा प्राविधिक प्रमाणीकरण गरी स्थानीय तहबाट पूर्वस्वीकृती लिएको हुनुपर्नेछ।

९. **लाभग्राही कायम गर्ने सम्बन्धी अन्य व्यवस्था:** (१) विपद्का घटनाबाट क्षति भएको निजी आवास बाहेक अर्को निजी आवास नभएका व्यक्ति वा परिवार देहायका आधारमा प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापनाको लाभग्राही कायम हुनेछः-

(क) दफा ४ बमोजिमको प्राविधिक अध्ययनको आधारमा क्षतिको स्तर दुई भएको विपद्बाट क्षति पुगेको घर मर्मत वा प्रबलीकरण गर्न मिल्ने घरधनीलाई प्रबलीकरणको लाभग्राही कायम गर्नुपर्नेछ।

(ख) दफा ४ बमोजिमको प्राविधिक अध्ययनको आधारमा क्षतिको स्तर तीन भएको विपद्‌बाट प्रभावित लाभग्राहीलाई प्राविधिकको सिफारिसको आधारमा प्रबलीकरणको वा साविककै स्थानमा वा निज वा निजको परिवारको कुनै सदस्यको स्वामित्वमा अन्य कुनै उपयुक्त जग्गामा सुरक्षित नवनिर्माण गर्नुपर्ने लाभग्राहीलाई पुनर्निर्माणको लाभग्राही कायम गर्नुपर्नेछ।

(ग) दफा ४ बमोजिमको प्राविधिक अध्ययनको आधारमा क्षतिको स्तर चार वा पाँच भई विपद्‌बाट प्रभावित लाभग्राहीको साविककै स्थानमा वा निज वा निजको परिवारको कुनै सदस्यको स्वामित्वमा अन्य कुनै उपयुक्त जग्गामा सुरक्षित नवनिर्माण गर्नुपर्ने लाभग्राहीलाई पुनर्निर्माणको लाभग्राही कायम गर्नुपर्नेछ।

(घ) दफा ४ बमोजिमको प्राविधिक अध्ययनको आधारमा क्षतिको स्तर तीन वा चार वा पाँच भई विपद्‌बाट क्षति भएको संरचना रहेको साविकको स्थानमा पुनर्निर्माण गर्न नमिल्ने र निज वा निजको परिवारको सदस्यको नाममा निजी घर/आवास निर्माण गर्न मिल्ने घडेरीयोग्य जग्गा अन्यत्र कतै नभएको वा विपद् प्रभावित भूमिहीन परिवारलाई अन्यत्र बसोबास गराउनुपर्ने लाभग्राहीलाई पुनर्स्थापनाको लाभग्राही कायम गर्नुपर्नेछ।

(ङ) माथिका बुँदा (क), (ख), (ग) र (घ) मा उल्लिखित क्षतिको स्तर (Damage Grade) को निर्धारण गर्दा भूकम्पबाट क्षति भएको आवास हकमा सहरी विकास तथा भवन निर्माण विभागले जारी गरेको Seismic Vulnerability Evaluation Guideline for Private and Public Buildings बमोजिम हुनेछ। भूकम्प बाहेकको विपद्‌को हकमा उल्लिखित कार्यविधि समेतको आधारमा प्राविधिक मूल्याङ्कन बमोजिम हुनेछ।

(२) कुनै लाभग्राहीले निजले पाउने अनुदान रकमभन्दा बढी रकम खर्च गरी जग्गा खरिद गर्न, प्रबलीकरण गर्न, पुनर्निर्माण गर्न वा पुनर्स्थापित हुन चाहेमा वा खर्च गरेमा निजले पाएको अनुदान रकमभन्दा जति बढी रकम खर्च गरेता पनि त्यसरी खर्च गरेको रकम लाभग्राही स्वयंले ब्यहोर्नुपर्नेछ।

(३) लाभग्राही सूचीमा सूचीकृत भई प्रबलीकरण गर्न योग्य यस कार्यविधि अनुसार प्रबलीकरण भइसकेको भएमा प्राविधिक निरीक्षण प्रतिवेदनको आधारमा एकमुष्ट अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(४) लाभग्राही सूचीमा सूचीकृत भई निजी आवास पुनर्निर्माण गर्नका लागि अनुदान प्राप्त गर्ने गरी सम्झौता गरेका तर निजी आवास भत्काउनु नपर्ने भई विपद् उत्थानशील प्रविधि प्रयोग गरी प्रबलीकरण गरेको अवस्थामा उक्त लाभग्राहीलाई प्रबलीकरणको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौता परिमार्जन गरी प्रबलीकरण कार्यसम्पन्न गरेको अवस्थामा प्राविधिक जाँचको आधारमा तोकिए बमोजिमको प्रबलीकरण अनुदान रकम उपलब्ध गराइनेछ। लाभग्राही सूचीमा सूचीकृत भई निजी आवास प्रबलीकरण गर्नका लागि अनुदान प्राप्त गर्ने गरी सम्झौता गरेका तर निजी आवास भत्काउनु पर्ने भई पुनर्निर्माण गर्नुपर्ने अवस्थामा उक्त लाभग्राहीलाई पुनर्निर्माणको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौता परिमार्जन गरी पुनर्निर्माण गरेको अवस्थामा प्राविधिक जाँचको आधारमा तोकिए बमोजिमको पुनर्निर्माण अनुदान रकम उपलब्ध गराइनेछ।

(५) क्षति भएको लाभग्राहीको एकासगोलका व्यक्तिहरुको अर्को आवासीय निजी आवास भएमा अनुदान रकम दिइने छैन।

तर सो विपद्को घटना हुनु अगावै निजहरूको कानून बमोजिम अंशवण्डा भइसकेको वा मानो छुट्टिई भिन्न बसेका लाभग्राहीको सूचीमा नाम समावेश भएकाको हकमा अन्यत्र वा सोही स्थानमा क्षति नभएको बसोबासयोग्य निजी आवास रहेको घरधनीबाहेक अन्य लाभग्राहीहरूले पुनर्निर्माण वा पुनर्स्थापना बापतको अनुदान रकम पाउन सक्नेछन्।

तर प्रबलीकरणको अनुदानका लागि भने एउटा निजी आवासमा जतिसुकै घरधनीको स्वामित्व भए पनि एकजना मात्र लाभग्राही हुनेछन्।

(६) सार्वजनिक वा सरकारी जग्गा बाहेक विभिन्न किसिमका गुठी, बिर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, बेनिस्सा, गाउँ ब्लक, कोदाली, आँकडा, विटौरी, उखडा समेतका जग्गामा बसोबास भई निजी आवास क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोग सम्बन्धी कुनै निस्सा, रसिद वा पूर्जी र विपद् जोखिमबाट सुरक्षित स्थान भएको स्थानीय तहले गरिदिएको सिफारिसका आधारमा त्यस्ता लाभग्राहीसँग निजी आवास निर्माण अनुदान सम्झौता गर्न सकिनेछ।

तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रूपमा लिइने छैन।

(७) विपद्बाट क्षतिग्रस्त बस्ती क्षेत्रका निजी आवास पुनर्निर्माणका लाभग्राहीको निजी आवास भत्काउने क्रममा वा जोखिम न्यूनीकरण गर्ने क्रममा जोडिएका निजी आवास भत्कन

गएमा त्यसरी भत्किन गएका निजी आवासका घरधनीलाई प्रक्रिया पूरा गरी लाभग्राही कायम गर्न सकिनेछ।

(८) विपद्बाट क्षति पुगेका प्राचीन एवं घना बस्ती क्षेत्रका लाभग्राहीहरु बहुतले एवम् बहुस्वामित्वको संरचनामा जान चाहेमा स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा प्रदेश सरकारले निर्णय गरी त्यस्ता लाभग्राहीहरुलाई अनुदान रकम उपलब्ध गराइनेछ।

(९) लाभग्राही सूचीमा समावेश भएका तर अनुदान सम्झौता हुनु अगावै घरधनी स्वयंले निजी आवास निर्माण कार्य प्रारम्भ गरिसकेका लाभग्राहीको हकमा निर्मित वा निर्माणाधीन निजी आवास यस कार्यविधि र शहरी विकास तथा भवन निर्माण विभागबाट जारी राष्ट्रिय भवन संहिता बमोजिम बनाइएको पाइएमा त्यसको अभिलेख राखी अनुदान उपलब्ध गराउन सकिनेछ। यस कार्यविधि र शहरी विकास तथा भवन निर्माण विभागबाट जारी राष्ट्रिय भवन संहिता बमोजिम नबनाइएको पाइएमा प्राधिकरणका कार्यकारी प्रमुखबाट स्वीकृत प्राविधिक सुधार पुस्तिका बमोजिम गर्नुपर्नेछ।

(१०) जिल्ला विपद् व्यवस्थापन समितिबाट कायम भएका लाभग्राहीको विवरण सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद-४
## वित्तीय प्रबन्ध र अनुदान व्यवस्था

१०. **साझेदारीमा अनुदान उपलब्ध गराउने:** (१) अनुदान प्रयोजनको लागि आवश्यक वित्तीय प्रबन्ध नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा व्यवस्था भएबमोजिम तीनै तहका सरकारको लागत साझेदारीमा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामान्यतया भूकम्पपछिको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाको हकमा प्रदेश सरकार र स्थानीय तहबाट लागत साझेदारीमा ब्यहोर्नु पर्ने अनुदान रकम नेपाल सरकारबाट उपलब्ध गराउनु पर्नेछ।

११. **अनुदान सम्झौता:** (१) दफा ८ को उपदफा (५) बमोजिम प्राप्त भएको लाभग्राहीको सूचीका आधारमा सम्बन्धित वडाअध्यक्षले वडा कार्यालयमा प्रबलीकरणका लाभग्राहीसँग अनुसूची-६ को ढाँचामा र पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीसँग अनुसूची-९ को

ढाँचामा अनुदान सम्झौता गरी प्राधिकरणले निर्माण गरेको सूचना प्रणालीमा अभिलेखीकरण गर्नुपर्नेछ।

(२) प्रबलीकरणका लाभग्राहीसँग अनुसूची-६ बमोजिम अनुदान सम्झौता गर्दा अनुसूची-७ बमोजिमको प्रबलीकरण पूर्व प्राविधिक प्रमाणीकरण फाराम भरी सम्झौतासँगै प्राधिकरणले निर्माण गरेको सूचना प्रणालीमा अभिलेखीकरण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्झौताको आधारमा स्थानीय विपद् व्यवस्थापन समितिले पहिलो किस्ता बापतको रकम लाभग्राहीको खातामा निजले भुक्तानी पाउने गरी रकम निकासा गर्नुपर्नेछ।

तर लागत सहभागिता ब्यहोर्ने तीनै तहमध्ये कुनै तहबाट रकम प्राप्त भइनसकेको अवस्थामा जुन तहबाट रकम प्राप्त भएको छ सोही रकम मात्र निकासा गर्न यस प्रावधानले बाधा पुग्ने छैन।

(४) सम्झौता पत्र तथा खर्च विवरण सम्बन्धी अभिलेख सम्बन्धित वडा, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र प्राधिकरणले राख्नुपर्नेछ।

(५) पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्य गर्दा हरित भवन प्रविधिको प्रयोग गर्नका लागि स्थानीय तहले प्रोत्साहन गर्नेछ।

१२. **<u>अनुदान रकमः</u>** (१) यस कार्यविधि बमोजिम कायम भएका लाभग्राहीले दोहोरो नपर्ने गरी आफू कायम भएको लाभग्राही वर्गको एउटा मात्र अनुदान रकम विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड,२०८१ को दफा ७ बमोजिम बैंक तथा वित्तीय संस्था मार्फत प्राप्त गर्नेछः-

(क) निजी आवास प्रबलीकरण अनुदानः प्रबलीकरणका लाभग्राहीले सम्झौता अनुसार कार्यसम्पन्न गरेको अनुसूची-८ बमोजिम प्रबलीकरण पश्चात् प्राविधिक निरीक्षण फारामको आधारमा दफा ९ को उपदफा (१) को (ङ) बमोजिम कायम गरिएको क्षतिको स्तर २ मा परेका लाभग्राहीलाई समूह-१ मा कायम गरी पचास हजार र क्षतिको स्तर ३ मा भई प्रबलीकरण गर्नुपर्ने लाभग्राहीलाई समूह-२ मा कायम गरी एक लाख रकम दुई किस्तामा उपलब्ध गराइनेछ।

(ख) निजी आवास पुनर्निर्माण वा पुनर्स्थापना अनुदानः पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीले निजी आवास पुनर्निर्माणको लागि भौगोलिक अवस्था, सडक मार्गमा पहुँच, निर्माण लागतको आधारमा अनुसूची-१० बमोजिमको “क” समूहमा परेका

जिल्लाका लागि पाँच लाख रुपैयाँ, "ख" समूहमा परेका जिल्लाका लागि चार लाख रुपैयाँ र "ग" समूहमा परेका जिल्लाका लागि तीन लाख रुपैयाँ तीन किस्तामा देहाय बमोजिमको रकम उपलब्ध गराइनेछः-

१. सम्झौता भए पश्चात् पहिलो किस्ता बापत पचास हजार रुपैयाँ,

२. प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनुसूची-११ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच पास प्रतिवेदनको आधारमा दोस्रो किस्ता बापत "क" समूहमा परेका जिल्लालाई दुई लाख पचास हजार रुपैयाँ, "ख" समूहमा परेका जिल्लालाई दुई लाख रुपैयाँ र "ग" समूहमा परेका जिल्लालाई एक लाख पचास हजार रुपैयाँ,

३. निर्माण सम्पन्न पश्चात् अनुसूची-१२ बमोजिम प्राविधिकको अन्तिम जाँचपास प्रतिवेदन, निर्माण सम्पन्न प्रमाणपत्र र अन्तिम किस्ता बापत "क" समूहमा परेका जिल्लालाई दुई लाख रुपैयाँ, "ख" समूहमा परेका जिल्लालाई एक लाख पचास हजार रुपैयाँ र "ग" समूहमा परेका जिल्लालाई एक लाख रुपैयाँ,

४. माथि बुँदा नं. ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तिम किस्ता बापतको रकम भुक्तानी माग गर्नुअघि लाभग्राहीले विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित निजी आवास लाभग्राहीलाई आर्थिक भार नपर्ने गरी भत्काई सकेको हुनुपर्ने र यो कुरा स्थानीय तहबाट खटिने प्राविधिकले अनुसूची-१२ बमोजिमको जाँचपास प्रतिवेदनमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ,

५. माथि बुँदा नं. २ र ३ बमोजिम प्राविधिक निरीक्षण गर्दा तोकिएको मापदण्ड बमोजिम पुनर्निर्माण भएको नपाइएमा अनुसूची-१३ बमोजिम सुधार वा प्रबलीकरण आदेश निरीक्षण फाराम अनुसार गर्नुपर्नेछ,

६. माथि बुँदा नं. ३ बमोजिम अन्तिम प्राविधिक निरीक्षण सम्पन्न भइसकेपछि अनुसूची-१४ बमोजिमको निर्माण सम्पन्न

प्रमाणपत्र पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीलाई दिनुपर्नेछ।

(ग) अनुसूची-२ बमोजिम स्थानीय तहले पहिचान गरेका अति विपन्न र संकटासन्न (आफैले आवास निर्माण गर्न नसक्ने) घरपरिवारलाई अनुदान रकममा पचास हजार रुपैयाँ थप गरी स्थानीय तहले प्रदान गर्न सक्नेछ।

(२) दफा १२ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू हुनुपूर्व सम्झौता भइसकेका लाभग्राहीको हकमा साबिकमै भएको कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिमको अनुदान रकम हुनेछ।

(३) काठ र निर्माण सामग्रीमा सहुलियतः-

(क) निजी आवास पुनर्निर्माण वा पुनर्स्थापना गर्ने लाभग्राहीलाई सरकारी बिक्री मूल्यको ९० प्रतिशत छुटमा ४० घनफिटसम्म काठ जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा डिभिजन वन अधिकृतले उपलब्ध गराउनेछ।

(ख) सालको काठको हकमा लाभग्राहीले आफ्नो निजी वनको काठ प्रयोग गर्न डिभिजन वन कार्यालयमा निवेदन दिएमा सो कार्यालयले काठ प्रयोग गर्न अनुमति उपलब्ध गराउनेछ।

(ग) माथि बुँदा नं. (क) र (ख) बमोजिम उपलब्घ गराइएको काठको उपयोग सम्बन्धमा डिभिजन वन कार्यालयले तीन महिनाभित्र अनुगमन गरी सोको प्रतिवेदन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्नेछ। उपलब्ध गराइएको काठको दुरूपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) लाभग्राहीलाई ढुङ्गा, गिट्टी र बालुवा स्थानीय तहले सहुलियत दरमा उपलब्ध गराउनेछ।

(४) नेपालभर कहीँकतै एकाघर परिवारको नाममा जग्गा नभएका लाभग्राहीलाई निजी जग्गा (घडेरी) खरिदको लागि देहाय बमोजिमको अनुदान रकम उपलब्ध गराइनेछः-

(क) पुनर्स्थापनाका लाभग्राहीका लागि नेपाल सरकारले आवास निर्माणको लागि उपयुक्त जग्गा (घडेरी) उपलब्ध गराउनेछ। यदि सरकारले जग्गा

(घडेरी) उपलब्ध गराउन नसकेमा र लाभग्राहीले चाहेमा निजलाई निजी जग्गा (घडेरी) बढीमा १९१ वर्गमिटर खरिदको लागि रजिष्ट्रेशन दस्तुर तिरेको प्रमाणित लिखतको आधारमा बढीमा तीन लाख रुपैयाँसम्म लाभग्राहीको बैंक खातामा अनुदान बापतको रकम उपलब्ध गराइनेछ।

(ख) उपदफा (४) को (क) बमोजिम पुनर्स्थापनाका लाभग्राहीले घडेरी अनुदान लिनको लागि निज वा निजको परिवारको सदस्यको नाममा नेपालको कुनैपनि स्थानमा जग्गा नभएको भनी अनुसूची-१५ बमोजिमको स्वःघोषणा फारामसहित मालपोत कार्यालय मार्फत संघीय भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा नेपालभर कुनै पनि स्थानमा जग्गा नभएको ब्यहोरा खुलेको पत्र पेश गर्नुपर्नेछ। जग्गा (घडेरी) खरिद गर्दा उपलब्ध भएसम्म लाभग्राहीको विपद्बाट प्रभावित निजी आवास रहेकै स्थानीय तहभित्र खरिद गर्नुपर्नेछ। यदि हालको स्थानीय तहभित्र जग्गा उपलब्ध नभएमा हालको जिल्लाभित्रकै अन्य कुनै स्थानीय तहमा खरिद गर्न सक्नेछ। लाभग्राहीले गलत मनसायले विवरण पेश गरी घडेरी अनुदान लिएको पाइएमा अनुदान रकम फिर्ता गरी लाभग्राहीको सूचीबाट समेत हटाइनेछ।

**१३. <u>जोखिमयुक्त बस्ती स्थानान्तरणः</u>** (१) लाभग्राहीको क्षतिग्रस्त निजी आवास रहेको बस्ती जोखिममा पर्न गएको कारणले बस्ती स्थानान्तरण गर्नुपर्ने भनी प्राविधिक अध्ययनबाट देखिएमा स्थानान्तरण गर्नका लागि उपयुक्त स्थानको विकल्पसहित थप भौगर्भिक अध्ययनको लागि स्थानीय तहबाट प्राधिकरणमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणमा लेखी आएको अवस्थामा प्राधिकरणले आफै वा अन्य संघीय निकाय वा प्रदेश सरकारसँगको समन्वयमा जोखिमयुक्त बस्ती र स्थानान्तरण गर्नुपर्ने दुवै ठाउँको भौगर्भिक अध्ययन गर्ने गराउनेछ।

(३) उपदफा (२) बमोजिमको अध्ययन प्रतिवेदनबाट जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नुपर्ने भनी सिफारिस भई आएमा प्राधिकरणले कार्यकारी समितिमा पेश गर्नेछ। जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने सम्बन्धी थप कार्य कार्यकारी समितिको निर्णय अनुसार गरिनेछ।

(४) उपदफा (३) बमोजिम कार्यकारी समितिले जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने भनी निर्णय गरेको अवस्थामा उक्त बस्तीका पुनर्स्थापनाका लाभग्राही हुन योग्य

घरपरिवारलाई पुनर्स्थापनाको लाभग्राहीमा सूचीकृत गरी सोही बमोजिमको अनुदान उपलब्ध गराइनेछ।

(५) उपदफा (४) बमोजिमको बस्ती स्थानान्तरणको लागि सोही जिल्लामा स्थानान्तरण गर्न नसक्ने अवस्थामा प्रदेश विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम प्रदेशभित्रका अन्य जिल्लामा गर्न सकिनेछ।

(६) जिल्लाभित्रका एक स्थानीय तहको बस्ती अर्को स्थानीय तहमा वा प्रदेशभित्रका एक जिल्लाको स्थानीय तहबाट अर्को जिल्लाको स्थानीय तहमा बस्ती स्थानान्तरण गर्नु परेमा स्थानान्तरण प्रक्रिया दफा ८ को उपदफा (३) बमोजिम गर्नुपर्नेछ।

(७) उपदफा (४) बमोजिम बस्ती स्थानान्तरण भएको स्थानमा पूर्वाधार विकास गर्नुपर्ने भएमा पूर्वाधार विकासको लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारका विषयगत निकायहरुको समन्वय र सहकार्यमा व्यवस्थापन गर्न सकिनेछ।

१४. **सम्पदा संरक्षणः** (१) लाभग्राहीको क्षतिग्रस्त निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना गर्दा गराउँदा धार्मिक, ऐतिहासिक, सांस्कृतिक र परम्परागत सम्पदाको संरक्षण हुनेगरी सूचीकृत र कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(२) सम्पदा क्षेत्रमा रहेको बस्तीको क्षतिपछि प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्दा यस कार्यविधिको प्रावधानका अतिरिक्त पुरातत्त्व विभागबाट स्वीकृत मापदण्ड र विधि बमोजिम विशेष संरक्षण, आवश्यक जिर्णोद्वार तथा प्रवर्धन गर्नुपर्ने अवस्थामा सम्बन्धित स्थानीय तहले सोको विवरणसहित सूचीकृत गर्नुपर्नेछ। उक्त सूचीकृत विवरण स्थानीय तहले जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्राधिकरणमा पठाउनु पर्नेछ र सम्पदा संरक्षणका लागि गर्नुपर्ने थप कार्यका बारेमा कार्यकारी समितिको निर्णय अनुसार गरिनेछ।

## परिच्छेद-५

## निकायगत भूमिका

१५. **मन्त्रालयको भूमिका** : (१) यस कार्यविधि बमोजिम निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको कार्य संचालन गर्न प्राधिकरणलाई आवश्यक निर्देशन दिने।

(२) निजी आवासको प्रबलीकरण, पुनर्निमाण वा पुनर्स्थापना सम्बन्धी काममा राष्ट्रिय/अन्तर्राष्ट्रिय विकास साझेदारसँग समन्वय एवम् परिचालन गर्ने।

(३) यस कार्यविधि बमोजिम भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने।

१६. **प्राधिकरणको भूमिकाः** (१) यस कार्यविधिको प्रावधान बमोजिम निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका कार्य सञ्चालन गर्न गराउनका लागि केन्द्रीय समन्वय निकायको रूपमा कार्यान्वयन गर्नेछ।

(२) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको लागि अपनाउनुपर्ने प्रक्रिया र वित्तीय स्थितिको विश्लेषण गरी स्रोत सुनिश्चितताको लागि मन्त्रालयसँग समन्वय गर्नेछ।

(३) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको लागि स्रोत परिचालन गर्न प्रचलित वैदेशिक सहायता परिचालन नीति अनुरूप मन्त्रालयसँगको समन्वयमा विकास साझेदारसँग सहकार्य र समन्वय गर्नेछ।

(४) यस कार्यविधिको प्रावधान र निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको लागि सहकार्य गर्न चाहने विकास साझेदार, गुठी, सामुदायिक संघसंस्था एवं निजी क्षेत्र समेतको परिचालन गर्न गराउन सहकार्य, समन्वय, सहजीकरण र नियमनको कार्य गर्नेछ।

(५) अति विपन्न र संकटासन्न वर्गलाई यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान र सेवा प्राथमिकताका साथ उपलब्ध गराउन सहजीकरण गर्नेछ।

(६) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(७) कार्यविधिको कार्यान्वयनको सन्दर्भमा सरोकारवालालाई जानकारी गराउने र क्षमता विकास सम्बन्धी कार्य गर्नेछ।

(८) यस कार्यविधि बमोजिम भए गरेको कार्यको प्रगति विवरण नियमित रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(९) प्राकृतिक तथा गैर प्राकृतिक विपद् सम्बन्धी सूचना तथा विवरण संकलन गर्ने।

(१०) कार्यकारी समितिले तोकेका अन्य कार्य गर्न गराउन सक्नेछ।

**१७. <u>प्रदेशको भूमिका:</u>** (१) प्रदेश विपद् व्यवस्थापन परिषद् वा प्रदेश विपद् व्यवस्थापन समितिले तोकेको निकायले निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

(२) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको लागि दफा १० बमोजिमको लागत साझेदारी बमोजिम ब्यहोर्नुपर्ने अनुदान रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा पठाउनु पर्नेछ र सोको विवरण सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

(३) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यको अनुगमन गरी सोको सुझावसहितको प्रतिवेदन प्राधिकरण, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहलाई दिनुपर्नेछ।

(४) विपद् प्रभावितका लागि दोहोरो नपर्ने गरी आवास तथा संरचनाको निर्माण गर्न गराउन सक्नेछ।

(५) संघ र स्थानीय तहसँग समन्वय गरी जनशक्ति परिचालन गर्न सक्नेछ।

(६) काठ लगायत निर्माण सामग्रीको सहज र सहुलियत दरमा उपलब्ध गराउन सहजीकरण गर्न सक्नेछ।

१८. **जिल्ला विपद् व्यवस्थापन समितिको भूमिकाः** (१) दफा ६ को उपदफा (१) बमोजिम प्राप्त भएको सूचीमा समावेश भएको व्यक्तिको सङ्कलित लगत र सोको क्षति विश्लेषण तथा सिफारिसको अध्ययन गरी प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाका लाभग्राही भनी छुट्टाछुट्टै रुपमा वर्गीकरण गरी लाभग्राही कायम गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना मध्ये गर्नुपर्ने कामको विवरण सूचना प्रणालीमा अध्यावधिक गरी प्राधिकरण, सम्बन्धित प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि विकास साझेदारसँगको सहकार्यको विवरण प्राधिकरण, प्रदेश सरकारको मन्त्रालय र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

(४) लाभग्राहीको विवरण र दफा १० बमोजिमको लागत साझेदारी बमोजिमको अनुदान रकम प्राधिकरण, सम्बन्धित प्रदेश सरकारका मन्त्रालय र सम्बन्धित स्थानीय तहसँग माग गरी लाभग्राहीको सूचीसहित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा रकम निकासा गर्नुपर्नेछ।

(५) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि जिल्लास्थित विषयगत निकायलाई परिचालन गर्न सक्नेछ।

(६) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि जिल्लास्थित मानवीय क्षेत्रमा क्रियाशील संघसंस्था, निजीक्षेत्र समेतको सहभागितामा समन्वय र सहकार्यको वातावरण निर्माण गर्न सक्नेछ।

(७) पुनर्निर्माण प्रक्रियामा स्थानीय तहले गरेको कार्यको अनुगमन, सहयोग सहजीकरण तथा पुनर्निर्माण कार्यको स्थानीय तहगत एवम् जिल्लागत विवरण प्राधिकरण, प्रदेश र मन्त्रालयलाई पठाउनेछ।

(८) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्ने सम्बन्धमा गुनासो सुनुवाई, सम्बोधन र सहजीकरण गर्ने।

(९) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यको प्रगति निरीक्षण र प्रमाणीकरण गर्नको लागि जिल्लामा उपलब्ध संघ, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी जनशक्ति खटाउन सक्नेछ।

(१०) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्ने सम्बन्धमा प्राधिकरणले तोकेको अन्य कार्य गर्ने गराउनेछ।

१९. **स्थानीय तहको भूमिकाः** (१) यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र बाँकीका हकमा देहाय बमोजिम हुनेछः-

(क) निजी आवास प्रबलीकरण, पुनर्निर्माण, पुनर्स्थापना कार्यका लागि लाभग्राहीको पहिचान, छनौट, सम्झौता र किस्ता भुक्तानी गर्ने।

(ख) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको लागि दफा १० बमोजिमको लागत साझेदारी बमोजिम स्थानीय तहले ब्यहोर्नुपर्ने अनुदान रकम लागत साझेदारीको आधारमा जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने।

(ग) दफा ६ बमोजिमको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा प्राधिकरणले विकास गरेको विद्युतीय सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

(घ) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण, पुनर्स्थापना वा पुर्नलाभ कार्यका लागि स्थानीय तहले जिल्लाभित्रका अन्य स्थानीय तहसँग सहकार्य गर्न र स्थानीयस्तरमा स्वयंसेवकको परिचालन गर्न सक्नेछ।

(ङ) लाभग्राहीको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यको अनुगमन गरी सोको सुझावसहितको प्रतिवेदन प्राधिकरण, प्रदेश सरकारको मन्त्रालय र जिल्ला विपद् व्यवस्थापन समितिलाई दिनुपर्नेछ।

(च) सुविधाबाट बञ्चित वा दोहोरो सुविधा पर्न नदिन सरकारी, विकास साझेदार संघसंस्था लगायत सम्बन्धित सबै पक्षको संलग्नतामा समन्वय र सहकार्य गर्नेछ।

(छ) भवनसंहिता, स्वीकृत निर्देशिका, मापदण्ड र कार्यविधिका बारेमा पूर्वाधार निर्माणकर्ता निर्माणकर्मी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई प्रशिक्षण दिने र कार्यान्वयन गराउने।

(ज) पुनर्निर्माणका विभिन्न क्षेत्र तथा विषयका जनशक्तिको तथ्यांक सङ्कलन तथा रोजगारी अवस्थाको सूचना रोजगार सेवा केन्द्रमार्फत व्यवस्थापन गर्ने गराउने।

(झ) विपद्बाट चर्के, भत्केका जोखिमयुक्त भवन हटाउन लगाउने वा हटाउने।

(ञ) विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ बमोजिम स्वयंसेवकको परिचालन गर्ने, स्वयंसेवक परिचालनको समन्वय, सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा कदर गर्ने।

## परिच्छेद-६

## गुनासो व्यवस्थापन

२०. **गुनासो व्यवस्थापनः** (१) विपद् प्रभावित व्यक्तिले प्राधिकरणको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी काममा चित्त नबुझेमा गुनासो गर्न सक्नेछ। यस्ता गुनासो प्राधिकरण, सम्बन्धित प्रदेश सरकारको मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा वडा कार्यालयमा दर्ता गर्न सक्नेछ।

(२) गुनासो दर्ता गर्दा तोकिएको फारम वा निवेदन वा सूचना प्रणालीको माध्यमबाट गर्न सक्नेछ। यसका अतिरिक्त हेलो सरकार, प्राधिकरणको टोल फ्री सेवा वा अन्य निकाय वा संस्थाबाट प्राप्त गुनासो समेत दर्ता गर्न सक्नेछ।

(३) प्राप्त भएका गुनासोलाई देहायबमोजिम वर्गीकरण गरिनेछः-

(क) निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनासँग सम्बन्धी,
(ख) अनुदान वितरण सम्बन्धी,
(ग) प्राविधिक जनशक्ति परिचालन सम्बन्धी,
(घ) मापदण्ड पालना सम्बन्धी,
(ङ) सुशासन सम्बन्धी,
(च) अन्य गुनासो।

(४) **गुनासो दर्ता गराउने सम्बन्धी व्यवस्थाः** (क) विपद् प्रभावित निजी आवासका घरपरिवारले निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनासँग सम्बन्धित अनुसूची-१६ बमोजिम तोकिएको फाराम वा निवेदन वा सूचना प्रणालीमा गुनासो दर्ता गराउन सक्नेछन्।

(ख) कार्यालयमा प्राप्त गुनासो छुट्टै रजिष्ट्रमा दर्ता गर्ने र सो विवरण सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। गुनासो दर्ता गरेपछि गुनासो दर्ता निस्सा सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(५) **गुनासो दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातः** गुनासोकर्ताले निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी गुनासो दर्ता गर्दा गुनासो फारामसाथ देहायको कागजात संलग्न गर्नुपर्नेछः-

(क) दफा ६ बमोजिम लाभग्राही पहिचान हुन पेश गरिने कागजात (लाभग्राहीको सूचीमा नाम समावेश नभएको हकमा),
(ख) सर्वेक्षण निस्सा (अनुसूची-३),
(ग) लाभग्राहीको सूचीमा नाम समावेश भएको भए सो सम्बन्धी विवरण,
(घ) सर्वेक्षण छुटेको तथा अन्य गुनासोको हकमा निवेदन मात्र दिए पुग्ने,
(ङ) प्रमाणका रूपमा पेश हुने अन्य कागजात।

(६) **गुनासो व्यवस्थापन प्रक्रियाः** (क) गुनासो दर्ता गर्ने प्रत्येक कार्यालयले प्राप्त गुनासो व्यवस्थापनका लागि सम्बन्धित समितिमा पठाउने। समितिले गुनासो व्यवस्थापन गरी आफै निर्णय गर्ने। यदि गुनासो व्यवस्थापन गर्न नसकिने भए कारणसहित गुनासो दर्ता भएको १५ दिनभित्र स्थानीय गुनासो व्यवस्थापन समितिले जिल्ला गुनासो व्यवस्थापन समितिमा, जिल्ला गुनासो व्यवस्थापन समितिले केन्द्रीय गुनासो व्यवस्थापन समितिमा र प्रदेशस्तरमा प्राप्त गुनासो सम्बन्धित स्थानीय गुनासो व्यवस्थापन समिति र जिल्ला गुनासो व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।

(ख) यसरी गुनासो सम्बन्धित समितिमा पठाइएकोमा सोही ब्यहोरा खोली सोको जानकारी गुनासोकर्तालाई दिनु पर्नेछ।

(७) **स्थानीय गुनासो व्यवस्थापन समितिः** (क) स्थानीय गुनासो व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| १. प्रमुख, स्थानीय तह | - | संयोजक |
| २. उपप्रमुख, स्थानीय तह | - | उपसंयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह | - | सदस्य |
| ४. प्रमुख, नजिकको नेपाल प्रहरी इकाइ | - | सदस्य |
| ५. विपद् सम्पर्क व्यक्ति, स्थानीय तह | - | सदस्य-सचिव |

(ख) गुनासोको विषयसँग सम्बन्धित अन्य व्यक्ति वा पदाधिकारीलाई आवश्यकता अनुसार गुनासो व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(ग) स्थानीय गुनासो व्यवस्थापन समितिका सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. स्थानीय तहमा दर्ता भएका गुनासो एवम् अन्य निकायमार्फत प्राप्त गुनासोको अभिलेख राख्ने,

२. प्राप्त गुनासोको वर्गीकरण गर्ने र प्रकृति छुट्याउने,

३. वर्गीकृत गुनासो स्थानीय गुनासो व्यवस्थापन समितिको बैठकमा पेश गर्ने,

४. स्थानीय गुनासो व्यवस्थापन समितिबाट भए गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(घ) स्थानीय गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. प्राप्त गुनासो समाधान गर्न पहल गरी सुशासन प्रवर्धन गर्न सहजीकरण गर्ने,
२. प्राप्त गुनासोलाई तत्काल बैठक बसी समाधान गर्ने,
३. स्थानीय गुनासो व्यवस्थापन समितिको बैठकबाट निर्णय हुन नसकेका विषयसँग सम्बन्धित गुनासो राय प्रतिवेदनसहित जिल्ला गुनासो व्यवस्थापन समितिमा पठाउने,
४. फछ्र्यौट भएका तथा निर्णय हुन नसकी जिल्ला गुनासो व्यवस्थापन समितिमा पठाइएका गुनासोको बारेमा गुनासोकर्तालाई जानकारी दिने।
५. समितिले सम्पादन गर्ने कार्य प्रक्रिया आफैले निर्धारण गर्न सक्नेछ।

(८) **जिल्ला गुनासो व्यवस्थापन समितिः** (क) जिल्ला गुनासो व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछः-

१. सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय- संयोजक
२. अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति कार्यालय- सदस्य
३. अधिकृत प्रतिनिधि, डिभिजन वन कार्यालय- सदस्य
४. अधिकृत प्रतिनिधि, मालपोत कार्यालय- सदस्य
५. अधिकृत प्रतिनिधि, नापी कार्यालय- सदस्य
६. अधिकृत प्रतिनिधि, भवन डिभिजन कार्यालय- सदस्य
७. अधिकृत प्रतिनिधि, कोष लेखा नियन्त्रक कार्यालय- सदस्य
८. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय- सदस्य
९. प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी- सदस्य
१०. प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय- सदस्य-सचिव

(ख) गुनासोको विषयसँग सम्बन्धित अन्य व्यक्ति वा पदाधिकारीलाई आवश्यकता अनुसार गुनासो व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(ग) जिल्ला गुनासो व्यवस्थापन समितिका सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. जिल्लामा दर्ता भएका गुनासो एवम् अन्य निकायमार्फत प्राप्त गुनासोको अभिलेख राख्ने,
२. प्राप्त गुनासोको वर्गीकरण गर्ने र प्रकृति छुट्याउने,

३. वर्गीकृत गुनासो जिल्ला गुनासो व्यवस्थापन समितिको बैठकमा पेश गर्ने,

४. जिल्ला गुनासो व्यवस्थापन समितिबाट भए गरेको निर्णय कार्यान्वयन गर्ने गराउने।

(घ) जिल्ला गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. प्राप्त गुनासो समाधान गर्न पहल गरी सुशासन प्रवर्धन गर्न सहजीकरण गर्ने,

२. प्राप्त गुनासोलाई तत्काल बैठक बसी समाधान गर्ने,

३. जिल्ला गुनासो व्यवस्थापन समितिको बैठकबाट निर्णय हुन नसकेका विषयसँग सम्बन्धित गुनासो स्थानीय तह र जिल्लाको राय प्रतिवेदनसहित केन्द्रीय गुनासो व्यवस्थापन समितिमा पठाउने,

४. फछ्र्यौट भएका तथा निर्णय हुन नसकी केन्द्रीय गुनासो व्यवस्थापन समितिमा पठाइएका गुनासोको बारेमा गुनासोकर्तालाई जानकारी दिने।

(९) **केन्द्रीय गुनासो व्यवस्थापन समितिः** (क) केन्द्रीय गुनासो व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| १. सहसचिव, प्राधिकरण | - | संयोजक |
| २. उपसचिव, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | - | सदस्य |
| ३. उपसचिव, गृह मन्त्रालय | - | सदस्य |
| ४. उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - | सदस्य |
| ५. उपसचिव (प्राविधिक), शहरी विकास मन्त्रालय | - | सदस्य |
| ६. उपसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | - | सदस्य |
| ७. उपसचिव, वन तथा वातावरण मन्त्रालय | - | सदस्य |
| ८. प्रतिनिधि, नेपाल राष्ट्र बैंक | - | सदस्य |
| ९. शाखा प्रमुख, निजी आवास तथा पुनर्निर्माण शाखा | - | सदस्य-सचिव |

(ख) गुनासोको विषयसँग सम्बन्धित अन्य व्यक्ति वा पदाधिकारीलाई आवश्यकता अनुसार गुनासो व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(ग) केन्द्रीय गुनासो व्यवस्थापन समितिका सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. केन्द्रीयस्तरमा दर्ता भएका गुनासो एवम् अन्य निकायमार्फत प्राप्त गुनासोको अभिलेख राख्ने,

२. प्राप्त गुनासोको वर्गीकरण गर्ने र प्रकृति छुट्याउने,

३. वर्गीकृत गुनासो केन्द्रीय गुनासो व्यवस्थापन समितिको बैठकमा पेश गर्ने,

४. केन्द्रीय गुनासो व्यवस्थापन समितिबाट भए गरेको निर्णय कार्यान्वयन गर्ने गराउने।

(घ) केन्द्रीय गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. प्राप्त गुनासो समाधान गर्न पहल गरी सुशासन प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

२. प्राप्त गुनासोलाई तत्काल बैठक बसी समाधान गर्ने,

३. फछ्र्यौट भएका गुनासोको बारेमा गुनासोकर्ता र सम्बन्धित जिल्ला र स्थानीय तहमा रहेको गुनासो व्यवस्थापन समितिलाई जानकारी दिने र सोको नियमित प्रतिवेदन मन्त्रालयमा गर्ने।

## परिच्छेद-७
## विविध

२१. **विपद् उत्थानशील प्रविधिको प्रयोगः** (१) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्दा स्वीकृत राष्ट्रिय भवन संहिता तथा मापदण्डको प्रयोग र पालना गर्नुपर्नेछ।

(२) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाको प्राविधिक मापदण्ड र डिजाइन प्राधिकरणको समन्वयमा शहरी विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) लाभग्राहीले उपदफा (२) बमोजिमको प्राविधिक मापदण्डको प्रयोग र पालना गरी आफूले चाहेको अनुसूची-१७ मा संलग्न भएको नमूना आवासको नक्सा अनुसारको वा विपद् उत्थानशील प्रविधियुक्त अन्य डिजाइनका निजी आवास बनाउन सक्नेछ।

(४) निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यको सञ्चालन गर्दा जोखिम वर्ग र अपाङ्गता भएका व्यक्ति तथा अशक्तका लागि पहुँचयोग्य हुने गरी निर्माण गर्नुपर्नेछ।

२२. **विशेष व्यवस्था:** (१) विपन्न, सिमान्तकृत, अल्पसंख्यक र जोखिम वर्गको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना कार्यको सञ्चालन गर्दा यस कार्यविधि बमोजिम प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

(२) जोखिम वर्गलाई यस कार्यविधि बमोजिम निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्दा पाउने अनुदान सुविधाका अतिरिक्त सम्बन्धित स्थानीय तहले थप राहत सहयोग वा अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) जोखिम वर्गको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्नका लागि क्रियाशील विकास साझेदार संघसंस्थाले निर्माण कार्य प्रक्रियामा थप सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्न गराउन सम्बन्धित स्थानीय तहले सहजीकरण गरी सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकारको मन्त्रालय र प्राधिकरणमा दिनेछ।

(५) जोखिम वर्गका लाभग्राहीले आफूले चाहेको कुनै प्रतिनिधिद्वारा स्वयंसेवकको रुपमा अनुसूची-१८ बमोजिमको ढाँचामा प्रतिनिधि तोकी कार्य गराउन सक्नेछ। यदि त्यस्तो व्यक्ति नभएमा सम्बन्धित स्थानीय तहले कर्मचारी खटाउन सक्नेछ।

२३. **दोहोरो अनुदान नपाउने:** (१) संघसंस्थाको सहयोगमा निजी आवास प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापना गर्न अनुदान पाएको लाभग्राहीलाई यस कार्यविधि बमोजिम आवास अनुदान उपलब्ध गराइने छैन ।

तर निजी आवास पुनर्निर्माण गर्नको लागि स्थानीय तहबाट पहिलो वा दोस्रो किस्ता अनुदान लिएका लाभग्राहीलाई कुनै संघसंस्थाले स्थानीय तहको स्वीकृतिमा निश्चित मापदण्ड र प्रक्रिया पूरा गरी बाँकी किस्ता दिई निजी आवास पुनर्निर्माण वा पुनर्स्थापना गर्न सक्नेछन्। विपद्पछि निजी आवास भवन नै प्राप्त गरेका लाभग्राहीले भने यो सुविधा प्राप्त गर्ने छैनन्।

(२) यस कार्यविधि बमोजिम घडेरी खरिद अनुदान रकम प्राप्त गरी आवास पुनर्निर्माण गरेका पुनर्स्थापनाका लाभग्राहीले अन्तिम किस्ता प्राप्त गरेको मितिले कम्तीमा १० वर्षसम्म जग्गाको हक हस्तान्तरण र बिक्री गर्न पाउने छैन।

तर जग्गा वा घर धनीको कुनै कारणवश मृत्यु भएमा हकवालाको नाममा नामसारी गर्न बाधा पर्ने छैन।

२४. **असुल उपर गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम लाभान्वित हुन झुट्टा विवरण पेश गरेमा वा झुट्टा सिफारिस गरेको पाइएमा वा सम्झौता बमोजिम काम नगरेमा निजसँग निजी आवास अनुदान सम्झौता भइसकेको रहेछ भने त्यस्तो सम्झौता रद्द तथा अनुदान लिएको

भए सो रकम सरकारी बाँकी सरह सम्बन्धित स्थानीय तहले असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(२) यस कार्यविधि बमोजिम पाउने अनुदानका अतिरिक्त कसैले सोही प्रयोजनका लागि अन्य कुनै स्रोतबाट अनुदान सहायता लिएको वा प्राप्त अनुदान सहायता लिई मापदण्ड विपरित निर्माण कार्य गरेको पाइएमा दोहोरो अनुदान सहायताको मात्रा वा प्राप्त अनुदानको फरक प्रयोजनमा उपयोग गरेमा सरकारी बाँकी सरह सम्बन्धित स्थानीय तहले असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२५. **निर्माण सामग्री उपलब्ध गराउन सहयोग गर्नेः** लाभग्राहीले निर्माण गर्ने निजी आवासका लागि निर्माण सामग्री स्थानीय बजारमा पर्याप्त मात्रामा उपलब्ध गराउन, गुणस्तर कायम गर्न गराउन तथा सोको नियमन गर्न गराउन सम्बन्धित प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले आपूर्ति व्यवस्थापन तथा सहजीकरण गर्नुपर्नेछ। यी निकायहरूले निर्माण सामाग्रीहरुको गुणस्तरको समेत आवश्यक अनुगमन गर्न सक्नेछ।

२६. **समयमै कार्य सम्पन्न गर्नुपर्नेः** लाभग्राहीले अनुदान सम्झौता गरेको मितिले सामान्यतया दुई वर्षभित्र सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।

२७. **स्थानीय स्रोत साधन र परम्परागत सीप तथा प्रविधिलाई प्रोत्साहन गर्नेः** यो कार्यविधि कार्यान्वयन गर्दा स्थानीय स्रोतसाधन, ज्ञान, सीप, श्रम र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२८. **निर्देशन दिन सक्नेः** कार्यकारी समितिले यो कार्यविधि बमोजिमको काम कारबाहीका सन्दर्भमा प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

२९. **विकास साझेदार संघ संस्थाबाट गरिने सहायता सम्बन्धी व्यवस्थाः** (१) निजी आवास भवन प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय विकास सहायता रकम परिचालन गर्दा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीतिको अधिनमा रही यो कार्यविधि बमोजिम हुनेछ।

(२) कुनै विकास साझेदार संघसंस्था वा व्यक्तिले निजी आवास निर्माण गर्न वा जग्गा खरिद गर्न वा त्यस्तो कामको लागि अन्य प्राविधिक सहयोग प्राप्त गर्दा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति बमोजिम अर्थ मन्त्रालयको स्वीकृति लिई प्राधिकरणले कार्यान्वयन गर्नेछ।

३०. **लेखापरीक्षणः** (१) लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भए गरेको खर्चको लेखापरीक्षण सम्बन्धित स्थानीय तहले गराउनु पर्नेछ।

(२) प्राधिकरणबाट लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भए गरेको खर्च र सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिमा पठाएको निकासाको लेखापरीक्षण प्राधिकरणले गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम भएको खर्चको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

३१. **आर्थिक विवरणः** लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भएको निकासा र खर्चको विवरण प्रचलित लेखा प्रणाली अनुसार राखु पर्नेछ।

३२. **प्रतिवेदनः** (१) लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भएको निकासा र खर्चको विवरण सहितको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तहले तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ र जिल्ला प्रशासन कार्यालयले एकीकृत प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकारको मन्त्रालय र प्राधिकरणमा पठाउनु पर्नेछ।

(२) लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भएको निकासा, खर्चको विवरण, निर्माण भएका आवास लगायतका विषयमा सरोकारवालाको सहभागितामा सम्बन्धित स्थानीय तहले सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरी सोको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्नेछ।

(३) प्राधिकरणले निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भएको निकासा र खर्चको विवरण सहितको प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनको आधारमा भएको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय र कार्यकारी समितिमा पेश गर्नुपर्नेछ।

३३. **सहयोग गर्नुपर्नेः** विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्दा गराउँदा संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकाय, विकास साझेदार संघसंस्था र व्यक्तिले आवश्यक सहयोग गर्नुपर्नेछ।

३४. **सहयोग लिन सक्नेः** प्राधिकरणले लाभग्राहीको निजी आवास प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापनाको कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी वा मानवीय क्षेत्रमा क्रियाशील संघसंस्थाको सहयोग लिन सक्नेछ।

३५. **<u>कार्यविधि लागु हुनेः</u>** यस कार्यविधिको प्रावधान भूकम्पबाट भएको क्षतिको हकमा मिति २०७८ जेठ १ गते पछि क्षति भएका निजी आवास प्रबलीकरण, पुननिर्माण वा पुनर्स्थापना समेतका लागि लागू हुनेछ।

३६. **<u>अनुसूचीमा हेरफेर तथा संशोधन गर्नसक्नेः</u>** कार्यकारी समितिले यो कार्यविधिका अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट तथा संशोधन गर्न सक्नेछ।

३७. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ देखा परेमा कार्यकारी समितिले उक्त बाधा अड्काउ फुकाउने सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ।

३८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

३९. **<u>खारेजी र बचाउः</u>** (१) मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ (प्रथम संशोधन, २०७८) र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम भएका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

विपद्को घटनापछि स्थानीय तहले गर्ने प्रारम्भिक लेखाजोखाको फाराम

१. आवेदन मितिः २०–/—–/—–

२. घरधनीको नाम थर ——

३. घरधनीको लिङ्गः

४. उमेरः

५. घरधनीको ना.प्र.न. जारी जिल्ला र मितिः

६. घरधनीको बाबु/आमाको नाम थरः

७. परिवार संख्या..................

८. छुट्टि भिन्न भएको वा नभएको

९. परिवार सदस्य संख्या..................

१०.निवेदक/सूचक एकाघरको सदस्य हो या होईन ?

हो ☐ होईन ☐

क. सूचकको घरमूलीसँगको नाताः

श्रीमान्/श्रीमती/छोरा/बुहारी/वावु/आमा/सासु/ससुरा/छोरी/ज्वाँई/नाती/नातिनी/अन्य—

**ख.** सूचक अन्य कर्मचारी भएको हकमा कर्मचारीको संस्थाको विवरण लेख्नुहोस्

संस्थाको नाम..................

कर्मचारीको नाम थर..................

पद..........................................

११.विपद् प्रभावित घरधुरीको ठेगाना

| प्रदेश | जिल्ला | गाउँपालिका/नगरपालिका | वडा नं. | गाउँ/बस्ती/टोल/मार्ग |
|---|---|---|---|---|
| | | | | |

१२.विपद् बाट भएको नोक्सानीको विवरण

१२.१ तपाईको क्षेत्रमा कस्तो विपद्को घटना घटयो ? (टिक चिन्ह लगाउनुहोस)

भूकम्प /बाढी /पहिरो/सुख्खा पहिरो/हिम पहिरो/आगलागी/डुबान/चट्याङ्ग/हावाहुरी/अन्य……………..

१२.२ विपद्का घटना भएको मिति ............

१२.३ विपदबाट के कति मानवीय क्षति पुग्न गयो ?

– मानवीय क्षति—— मृत्यु ———घाईते—— बेपत्ता ———(संख्यामा)

१२.४ घरमा कस्तो किसिमको क्षति भयो ?

– पूर्ण क्षति भएको——— आंशिक क्षति भएको——— क्षति नभएको

१२.५ विपद् पछि बसोबास गरेको अवस्था ?

- आफ्नै क्षतिग्रस्त घरमा———
- आफ्नै घरमा———
- भाडामा ———
- अस्थायी आवासमा—
- छिमेकी वा आफन्तकोमा
- अन्य————

१२.६ विपद्को कारण जग्गा/जमिनमा क्षति भएको छ वा छैन?

छ ☐ छैन ☐

१२.७ विपद्को कारण जग्गा/जमिन र पशुधनमा भएको क्षतिको विवरण ?

- बसोबास (घडेरी) क्षेत्रफल———
- खेतबारी क्षेत्रफल ————
- कृषि प्रयोजन (गोठ/खोर) क्षेत्रफल ——————
- पशु/पन्छी (संख्या)
- अन्य

१२.८ नोक्सानीको फोटोहरुः घर, जग्गा र अन्य (न्यूनतम २ )

१२.९ जोखिम वर्ग भए खुलाउने (संख्यामा)

- एकल महिला
- अपाङ्गता भएका व्यक्ति
- ज्येष्ठ नागरिक
- दीर्घरोगी
- गर्भवती
- सुत्केरी महिला
- बालबालिका मात्र भएको परिवार

१२.१० निवेदक/सुचकको नाम, थर : ——————

हस्ताक्षर : ——————————

औंठा छाप : दायाँ वायाँ

## अनुसूची-२

## (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## विपद्को घटनापछि स्थानीय तहले विपद् प्रभावित निजी आवासको विस्तृत क्षति आकलन (आर्थिक, सामाजिक र प्राविधिक) को फाराम

विपद्पछि गरिने निजी आवासको विस्तृत क्षति मूल्याङ्कन निम्नाअनुसार आठ वटा मोड्युल रहने गरी विद्युतीय सूचना प्रणाली मार्फत गरिनेछ।

मोड्युल १: भवन पहिचान (Building identification)

मोड्युल २: जनसांख्यिकीय र सामाजिक-आर्थिक सर्वेक्षण (Demographic and socioeconomic Survey)

मोड्युल ३: कार्यक्षमता सर्वेक्षण (Functionality Survey)

मोड्युल ४: नोक्सानी (Losses)

मोड्युल ५: बहु जोखिमको सम्मुखता (Exposure to Multiple Hazard)

मोड्युल ६: क्षतिको अवस्था (Damage Condition)

मोड्युल ७: भवनको प्रकार (Building Typology)

मोड्युल ८: क्षतिको प्राविधिक मूल्याङ्कन (Damage Evaluation)

उक्त मोड्युल बमोजिमको सर्वेक्षण प्रश्नावली स्वीकृत तथा परिमार्जन गर्ने अधिकार प्राधिकरणको कार्यकारी प्रमुखमा रहनेछ।

## अनुसूची-३
(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)
विपद् प्रभावित परिवारको लगत सङ्कलन कार्य सम्पन्न निस्सा फाराम

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
**काठमाडौं**

निस्सा नं.: ................................(निवेदनको परिचयपत्र)

मैले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सञ्चालित विपद् प्रभावित परिवारको लगत सङ्कलन कार्यक्रममा समावेश भई मेरो घर र परिवारसम्बन्धी सबै विवरण वास्तविक र सही उपलव्ध गराएको छु। झुठा विवरण पेश गरी लाभग्राहीका लागि सरकारले उपलब्ध गराउने राहत सुविधा प्राप्त गरेमा प्रचलित कानून बमोजिम तोकिएको सजाय मेरो लागी मञ्जुर छ र सहने बुझाउने छु। यस कार्यक्रम अन्तर्गत सङ्कलित मेरो घर र परिवारसम्बन्धी व्यक्तिगत विवरण नेपाल सरकारले विपद् पीडितको पुनर्निर्माण, पुनर्स्थापना, प्रबलीकरण वा मर्मत लगायत अन्य सामाजिक सुरक्षा सम्बन्धी कार्यमा प्रयोग गर्न मेरो पूर्ण स्वीकृति छ।

उत्तरदाताको नाम, थर : ——————— घरधनीसँगको नाता : ———————

घरधनीको नाम, थर : ———————

घरधनीको ना. प्र. नं : ———————/राष्ट्रिय परिचय पत्र नं : —————

परिवारमूलीको नाम, थर : —————

ठेगाना : प्रदेश : —————जिल्ला : —————

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.: —————वडा नं: ————— टोल:

लगत सङ्कलन सम्पन्न मिति : —————

उत्तरदाताको औंठा छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

सर्वेक्षकको हस्ताक्षर: ————— सर्वेक्षकको कोड नं. : —————

नोट: यस निस्साको एकप्रति लगत सङ्कलन परिवारलाई दिनुपर्ने र एकप्रति सम्बन्धित स्थानीय तहसँग सुरक्षित रहनुपर्नेछ।

# अनुसूची - ४

## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## विपद्का घटनाको बहुआयामिक प्रभाव मूल्याङ्कन ढाँचा

क. परिचय तथा पृष्ठभूमि

ख. उद्देश्य

ग. कार्य पद्धति

घ. विपद् घटनाको सङ्क्षिप्त विवरण

ङ. विपद्बाट भएका क्षति तथा नोक्सानी

१. सामाजिक
- निजी आवास
- सरकारी भवन
- सार्वजनिक भवन
- स्वास्थ्य संरचना
- शैक्षिक संरचना
- सांस्कृतिक र सम्पदा
- खानेपानी तथा सरसफाइ

२. पूर्वाधार
- विद्युत र ऊर्जा
- सञ्चार
- सडक
- पुल

३. उत्पादनशील
- कृषि
- पशुपन्छी
- सिंचाइ

४. अन्तर सम्बन्धित क्षेत्र
- लैङ्गिक समानता अशक्तता र सामाजिक समावेशीकरण
- रोजगारी
- जीविकोपार्जन
- वन तथा वातावरण

च. विपद् घटनाको प्रभाव तथा असर

१. सामाजिक
- निजी आवास
- सरकारी भवनबाट हुने सेवा प्रवाह
- सार्वजनिक भवनको उपयोगमा भएको समस्या
- स्वास्थ्य संरचनाबाट हुने सेवा प्रवाह
- शैक्षिक गतिविधि
- सांस्कृतिक र सम्पदा

- खानेपानी तथा सरसफाइ संरचनामा भएको क्षतिबाट परेको असर

२. पूर्वाधार
   - विद्युत र ऊर्जा
   - सञ्चार
   - सडक
   - पुल

३. उत्पादनशील
   - कृषि
   - पशुपन्छी
   - सिंचाइ

४. अन्तर सम्बन्धित क्षेत्र
   - लैङ्गिक समानता अशक्तता र सामाजिक समावेशीकरण
   - रोजगारी
   - जीविकोपार्जन
   - वन तथा वातावरण

छ. पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि आवश्यकताको विश्लेषण

ज. पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि आवश्यक बजेट विश्लेषण

झ. समस्या तथा चुनौती

ञ. पुनर्निर्माण तथा पुनर्स्थापना कार्यान्वयनको प्रस्तावित मोडालिटी तथा भावी कार्यदिशा

ट. निष्कर्ष

## अनुसूची- ५

<u>(दफा ८ को उपदफा २ (क) सँग सम्बन्धित)</u>

**<u>लाभग्राही कायम गराउनका लागि प्रतिनिधि तोक्ने फाराम</u>**

म ............... जिल्ला...................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ........ गाउँ/टोल .........
निवासी श्री ................................ को नाति/नातिनी/बुहारी श्री ...................... को छोरा/छोरी/श्रीमती वर्ष ...............को विपद् (भूकम्प, बाढी, पहिरो (सुख्खा र हिम पहिरो समेत), डुवान, आगलागी, चट्याङ्ग र हावाहुरी) प्रभावित लाभग्राही श्री/श्रीमान्/श्रीमती/सुश्री.................................... सर्वेक्षण निस्सा नं. ........................ ले आफै उपस्थित भई लाभग्राहीको सुविधा लिन ................................ कारणले असमर्थ रहेको हुँदा मेरो तर्फबाट ............... जिल्ला...................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ........ गाउँ/टोल ......... निवासी श्री ................................ को नाति/नातिनी/बुहारी श्री ...................... को छोरा/छोरी/श्रीमती वर्ष ...............को ...... नाता भएको श्री/श्रीमान्/श्रीमती/सुश्री .................................. लाई मेरो निजी आवास पुनर्निर्माण/पुनर्स्थापना/प्रबलीकरण कार्यक्रम अन्तर्गत लाभग्राहीका हैसियतले तोकिएका कार्य गर्नका लागि प्रतिनिधि कायम गरिदिनु हुन यो अख्तियारीनामा प्रदान गरेको छु।
माथि उल्लिखत विवरण ठीक छन् झुट्टा ठहरिए कानून बमोजिम सजाय भोग्न तयार छु ।
ईति सम्वत् २०.. साल .. महिना.. गते

अख्तियारी दिने
हस्ताक्षरः....................
नामः ................................
ठेगानाः ..................................
सर्वेक्षण निस्सा नं. ......................

अख्तियार लिने
हस्ताक्षरः......................
नामः ..................................
ठेगानाः .................................
ना.प्र.प.नं.।रा.प.प.नं .................

प्रमाणित गर्ने

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका अधिकारीको
हस्ताक्षरः ............................
नामः .................................
पदः....................................

संलग्न हुनु पर्ने कागजातः

१. अख्तियारी दिने तथा पाउने दुबै जनाको ना.प्र.प. वा रा.प.प प्रतिलिपि
२. लाभग्राहीको निस्साको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयबाट जारी भएको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि

# अनुसूची - ६

## (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## प्रबलीकरणको लाभग्राही र सम्बन्धित स्थानीय तहका बीच गरिने अनुदान सझौता फाराम

सर्वेक्षण निस्सा नं. सम्झौता क्रमाङ्क संख्याः

विपद् (भूकम्प, बाढी, पहिरो (सुख्खा र हिम पहिरो समेत), डुवान, आगलागी, चटयाङ्ग, हावाहुरी र अन्य....) बाट क्षतिग्रस्त भएको निजी आवास प्रबलीकरणका लागि...............जिल्ला .............. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ........... गाउँ/टोल ............ बस्ने श्री .. .. .. .. ............ को नाती/नातीनी/बुहारी श्री ................................ को छोरा/छोरी/श्रीमती वर्ष ..... को लाभग्राही श्री ............................... (यसपछि प्रथम पक्ष भनिने) र ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यपालिकाको कार्यालय (यसपछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको कार्यविधि बमोजिम आवास प्रबलीकरण गराउन मिति २०....... साल ....... महिना ........... गतेका दिन यो अनुदान सम्झौतापत्रमा सही छाप दस्तखत गरेका छौं।

प्रथम पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरुः

(१) मेरो घर मिति ——————को विपद् (——————) बाट क्षतिग्रस्त भएको ठीक साँचो हो।

(२) मेरो नेपालभर अर्को बसोवास योग्य घर छैन। मैले एउटा घर प्रबलीकरण गर्नको लागि मात्र अनुदान माग गरेको छु।

(३) मैले अरु निकाय वा संस्थाबाट घर प्रबलीकरणका लागि अनुदान प्राप्त गरेको छैन र यस पश्चात् प्राप्त गर्ने पनि छैन।

(४) मैले प्रबलीकरण गर्ने घर विपद प्रभावित विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ एवं यस सम्झौता-पत्रमा उल्लिखित शर्त, मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउने छु।

(५) निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, ईलेक्ट्रिसियन तथा अन्य निर्माण कार्य गर्ने कर्मचारी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।

(६) मैले प्राप्त गर्ने आवास प्रबलीकरण अनुदान रकम सोही प्रयोजनका लागि मात्र खर्च गर्नेछु।

(७) प्रबलीकरणका निम्ती उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा अन्य स्रोत जुटाई निर्माण कार्य सम्पन्न गर्नेछु।

(८) प्रबलीकरण कार्यक्रम अन्तर्गत दिइने अभिमुखीकरण तथा तालिम कार्यक्रममा म सहभागी हुनेछु।

(९) मैले प्रबलीकरणका लागि तोकिएको अनुदान रकम बैंकमा खोलिएको खातामार्फत मात्र प्राप्त गर्नेछु।

(१०) मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम निर्माण सम्पन्न गरेको कुरा प्राविधिकबाट प्रमाणित भएपछि मात्र अनुदान रकम प्राप्त गर्नेछु।

(११) माथि उल्लिखित व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

दोश्रो पक्ष (स्थानीय तह) ले मञ्जुरी गरेका शर्तहरुः

(१) प्रथम पक्षबाट उल्लिखित शर्तहरु पुरा भएको अवस्थामा तोकिएअनुसारको आवास प्रबलीकरण अनुदान सरकारको तर्फबाट बैंक मार्फत उपलब्ध गराइनेछ।

प्रथम पक्ष (लाभग्राही)

(क) लाभग्राहीको व्यक्तिगत विवरण

लाभग्राहीको नाम, थर

अंग्रेजीमा.................................... नेपालीमा............................................................

ना.प्र.प.नं./रा.प.प.नं. उल्लिखित ठेगाना

जिल्ला ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका....................................

वडा नं. ... ना.प्र.प.नं./रा.प.प.नं. ................जारी जिल्ला ................ जारी मिति———/—— /———

जन्म मिति ......./......./....... सम्पर्क फोन नं. ..........................

स्थायी ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा

(बसाईसराईको विवरण उल्लेख गर्ने)

बसाई सराई प्रमाण-पत्र नं. ....... बसाई सराईको मिति......./ ......./ .......

लाभग्राहीको फोटो

सम्झौतापत्रमा हस्ताक्षर गर्न अख्तियारी/मञ्जुरी प्राप्त व्यक्तिको विवरण

(लाभग्राही उपस्थिति हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

संरक्षक/अधिकार प्राप्त/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर ..................................

स्थायी ठेगाना

जिल्ला.......................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ................... वडा नं. ...

ना.प्र.प.नं./रा.प.प.नं.............. जारी जिल्ला ...................... जारी मिति......./ ......./ .......

बाजेको नाम, थर ................................ बाबु/आमाको नाम, थर .................................

लाभग्राहीसँगको नाता ................ सम्पर्क फोन नं. .......................

म लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

दायाँ बायाँ

लाभग्राही/संरक्षक/अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर ...........................

मिति ............ / /

(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)

बैंक खाता नं. .................................................................

खाता वालाको नाम, थर .....................................................

बैंकको नाम .......................................................

शाखा ..............................................................

साक्षीको नाम, थर .................................................    हस्ताक्षर ................................

दोश्रो पक्ष (स्थानीय तह)    कार्यालयको छाप

..... ..... ..... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका
कार्यालयको नाम ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... .....
ठेगाना .................... ..... ..... ..... ..... ..... .....
अधिकार प्राप्त पदाधिकारीको नाम ....................................
पद ..................................
हस्ताक्षर .........................
मिति ....................../ ..... / .....
आवश्यक कागजातहरुः
१. ना.प्र.प.नं./रा.प.प.नं प्रमाण-पत्रको प्रतिलिपि
२. जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि
३. अनुहार प्रष्ट देखिने फोटो
४. सर्वेक्षण निस्सा
५. प्रतिनिधिको हकमा अधिकार प्रत्यायोजनको कागजात
६. स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्का
७. अन्य कुनै प्रमाण भए उल्लेख गर्नेः
८. प्रहरीको मुचुल्का

# अनुसूची-७

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## प्रबलीकरण पूर्वप्राविधिक निरीक्षण तथा प्रमाणीकरण फाराम

लाभग्राही/घरधनीको नामः – – – – – .सम्झौता क्र.सं.: – – – – – निस्सा नम्बरः – – – – – .

ना.प्र.प.नं./रा.प.प.नं : – – – – – .

खण्ड १ः घरको जाँचको लागि दिइएको आवेदनमा भएको विवरण

| | | | |
|---|---|---|---|
| निर्माण सामाग्री र प्रविधि | | | |
| छाना र सामग्रीको निर्माण | | | |
| प्राविधिक सहायता | [ ] छ [ ] छैन | संस्था | |

खण्ड २ः विस्तृत प्राविधिक विवरण (Damage and Technical Suggestion)

| | | | |
|---|---|---|---|
| (क) | जगमा क्षति | [ ] छ | [ ] छैन |
| | क्षतिको स्तर | [ ] सामान्य | [ ] धेरै |
| सुझाव | | | |
| (ख) | संरचनागत अवयवहरुमा क्षति | [ ] छ | [ ] छैन |
| | क्षतिको स्तर | [ ] सामान्य | [ ] धेरै |
| सुझावहरु<br>पिलरवाला घर | पिलरः – –<br>बिमः – –<br>बिम र पिलरको जोर्नीः – — – –<br>तलाः – –<br>छानाः – – | | |
| गारोवाला घर | गारोः – –<br>बिमः – –<br>तलाः – –<br>छानाः – –<br>संयोजकता (Connectivity): – – | | |
| (ग) | गैरसंरचनागत अवयवहरुमा क्षति | [ ] छ | [ ] छैन |
| | क्षतिको स्तर | [ ] सामान्य | [ ] धेरै |
| सुझावहरु | चुली गारोः –<br>छानाको टाईलः – –<br>भार नबोक्ने गारोः – –<br>भऱ्याङ्गः – –<br>संयोजकता (Connectivity-- | | |

| | | | |
|---|---|---|---|
| | अन्यः – – | | |
| (घ) | प्रबलीकरण/मर्मत कार्यको सुझावहरु दिईएको | [ ] छ | [ ] छैन |
| सुझावहरु | | | |
| (ङ) | तला कडा (Stiffening) | [ ] पर्ने | [ ] नपर्ने |
| सुझावहरु | काठको ब्रेसिङ्ग<br>फलामको ब्रेसिङ्ग<br>आरसीसी ढलान<br>काठको फालेक<br>अन्य | | |
| (च) | छाना कडा (Stiffening) | [ ] पर्ने | [ ] नपर्ने |
| सुझावहरु | काठको ब्रेसिङ्ग<br>फलामको ब्रेसिङ्ग<br>आरसीसी ढलान<br>काठको फालेक<br>अन्य | | |
| (छ) | अन्य | [ ] पर्ने | [ ] नपर्ने |
| सुझावहरु | | | |

यसमा लेखिएको प्राविधिक विवरणहरु ठीक साँचो छ। मैले प्रबलीकरण गर्न लागेको घरको साँध सीमानामा कुनै विवाद रहेको छैन भनी प्रमाणीकरण गर्दछु। साथै माथि उल्लिखित प्राविधिक सुझावहरु कार्यान्वयन गर्न मन्जुर छु।

घरधनी/लाभग्राही वा प्रतिनिधिको नाम, थरः ------------------------

हस्ताक्षरः --------------------------

प्रतिनिधिको घरधनी/लाभग्राहीसँग नाताः ------------------------- मितिः -----------------------

<u>प्राविधिक जाँच गर्नेः</u>

नामः ----------------------------- पदः ----------------------

हस्ताक्षर : ------------------------- मितिः -----------------------

## अनुसूची-८

(दफा १२ को उपदफा (१)(क) सँग सम्बन्धित)

**मर्मत तथा प्रबलीकरण पश्चात् प्राविधिक निरीक्षण तथा प्रमाणीकरण फाराम**

लाभग्राही/घरधनीको नामः – – – – – सम्झौता क्र.सं.: – – – – –निस्सा नम्बरः – – – – –

ना.प्र.प.नं.।रा.प.प.नं : – – – – –

खण्ड १ : घरको जाँचको लागि दिइएको आवेदनमा भएको विवरण

| | | | |
|---|---|---|---|
| निर्माण सामग्री र प्रविधि | | | |
| छाना र सामग्रीको निर्माण | | | |
| प्राविधिक सहायता | [ ] छ [ ] छैन | संस्था | |

खण्ड २ : विस्तृत प्राविधिक विवरण (damage and technical suggestion)

| विवरण | सुझावहरु पालना भएको | | | |
|---|---|---|---|---|
| (क) जग | | छ | | छैन |
| (ख) संरचनागत अवयवहरुः | | | | |
| पिलर | | छ | | छैन |
| बिम | | छ | | छैन |
| बिम र पिलरको जोर्नी | | छ | | छैन |
| तल्ला | | छ | | छैन |
| छाना | | छ | | छैन |
| गारो | | छ | | छैन |
| संयोजकता (connectivity) | | छ | | छैन |
| (ख) गैरसंरचनागत अवयवहरुः | | | | |
| चुलि गारो | | छ | | छैन |
| छानाको टाइल | | छ | | छैन |
| भार नबोक्ने गारो | | छ | | छैन |
| भऱ्याङ्ग संयोजकता (connectivity) | | छ | | छैन |
| अन्य | | छ | | छैन |
| तल्ला कडा (Stiffening) | | छ | | छैन |
| छाना कडा (Stiffening) | | छ | | छैन |

| | | | | |
|---|---|---|---|---|
| अन्य | | छ | | छैन |

अन्य

(क) घरको कम्तीमा चारवटा मोहडाको फोटोहरु अपलोड गर्ने :

| |
|---|
| |
| |
| |
| |

(ख) जि. पि. एस. को-अर्डीनेट :

अक्षांश : देशान्तर : समुन्द्र सतहबाट उचाई :

(ग) घरको मोटामोटी नक्शाः

| |
|---|
| |

घरधनी/लाभग्राही वा प्रतिनिधिको नाम ,थर ..........................................

हस्ताक्षर.............................................

प्रतिनिधिको घरधनी/लाभग्राहीसँग नाता ................................ मिति ..................................

माथि उल्लिखित प्राविधिक विवरणहरुको विश्लेषण गरी प्रबलीकरण सम्पन्न घरको “प्रबलीकरण पूर्व प्राविधिक निरीक्षण तथा प्रमाणीकरण फाराम” अनुसार प्रबलीकरण भएको पाइएकोले अनुदान रकम भुक्तानीको लागि प्रमाणित/सिफारिस गरिएको छ ।

प्राविधिक जाँच गर्ने :

नाम : ..........................................................

हस्ताक्षर ..........................................................

पद : ..........................................................

मिति ..........................................................

## अनुसूची -९

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राही र सम्बन्धित स्थानीय तहका बीच गरिने अनुदान सम्झौता फाराम

सर्वेक्षण निस्सा नं.                                        सम्झौता क्रमाङ्क संख्याः

विपद् (भूकम्प, बाढी, पहिरो (सुख्खा र हिम पहिरो समेत), डुवान, आगलागी, चटयाङ्ग, हावाहुरी र अन्य.....)बाट क्षतिग्रस्त भएको निजी आवास पुनर्निर्माण/पुनर्स्थापनाका लागि ............... जिल्ला ............. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ........... गाउँ/टोल ............ बस्ने श्री .. .. .. .. ............ को नाती/नातीनी/बुहारी श्री ................................ को छोरा/छोरी/श्रीमती वर्ष ..... को लाभग्राही श्री ............................... (यस पछि प्रथम पक्ष भनिने) र ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको कार्यालय (यस पछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवास पुनर्निर्माण/पुनर्स्थापना गराउन मिति २०....... साल ....... महिना ........... गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं।

प्रथम पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरुः

(१) मेरो घर मिति —————— को विपद् (————) बाट क्षतिग्रस्त भएको ठीक साँचो हो।

(२) मेरो अर्को बसोवास योग्य घर छैन। मैले एउटा घर पुनर्निर्माण/पुनर्स्थापना गर्नको लागि मात्र अनुदान माग गरेको छु।

(३) मैले अरु निकाय वा संस्थाबाट घर पुनर्निर्माण/पुनर्स्थापनाका लागि अनुदान प्राप्त गरेको छैन र यस पश्चात् पनि प्राप्त गर्ने छैन।

(४) म/मेरो परिवारका लागि घर पुनर्निर्माण गर्नका निम्ती म/मेरो परिवारको नाममा उपयुक्त र पर्याप्त घडेरी जग्गा छ। (पुनर्निर्माणको हकमा मात्र लागु हुने)

(५) मैले पुनर्निर्माण/पुनर्स्थापना गर्ने घर विपद प्रभावित विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ एवं यस सम्झौता-पत्रमा उल्लिखित शर्त, मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउने छु।

(६) निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, ईलेक्ट्रिसियन तथा अन्य निर्माण कार्य गर्ने कर्मचारी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।

(७) आवास पुनर्निर्माण/पुनर्स्थापना अनुदान बापत प्राप्त हुने रकम सोही प्रयोजनका लागि मात्र खर्च गर्नेछु।

(८) मेरो घर पुनर्निर्माण/पुनर्स्थापनाका निम्ती उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा अन्य स्रोत जुटाई निर्माण कार्य सम्पन्न गर्नेछु।

(९) पुनर्निर्माण/पुनर्स्थापनाका कार्यक्रम अन्तर्गत दिईने अभिमुखिकरण तथा तालिम कार्यक्रममा म सहभागि हुनेछु।

(१०) पुनर्निर्माण/पुनर्स्थापनाका लागि तोकिए बमोजिमको पहिलो किस्ताको रकम मेरो नाममा रहेको बैंक खाता मार्फत प्राप्त गर्नेछु।

(११) तोकिएको गुणस्तर र प्रविधि बमोजिम प्लिन्थ तहसम्मको निर्माण सम्पन्न गरेको ब्यहोरा तोकिएको प्राविधिकबाट प्रमाणित भएपछि मात्र दोश्रो किस्ताको रकम प्राप्त गर्नेछु।

(१२) तोकिएको गुणस्तर र प्रविधि बमोजिम आवास निर्माण सम्पन्न गरेको ब्यहोरा तोकिएको प्राविधिकबाट प्रमाणित भएपछि मात्र तेस्रो किस्ताको रकम प्राप्त गर्नेछु।

(१३) हरित भवन प्रविधिको संलग्न अनुसुची ९ (क) बमोजिमको मापदण्ड अवलम्बन गरी आवास निर्माण गर्नेछु। सो नगरेमा अनुदान रकममा पचास हजार रूपैंया घटी लिन मञ्जुर छ।

(१४) मेरो घरको निर्माण कार्य तोकिएको गुणस्तर, मापदण्ड र प्रविधि अनुरुप नभएमा मेरो आफ्नो स्रोत—साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ।

(१५) यस सम्झौता बमोजिमको निजी आवास २ (दुई) वर्षभित्र निर्माण सम्पन्न गर्नेछु।

(१६) माथि उल्लिखित व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुला बुझाउला।

<u>दोश्रो पक्ष (स्थानीय तह) ले मञ्जुरी गरेका शर्तहरु:</u>

(१) प्रथम पक्षबाट उल्लिखित शर्तहरु पुरा भएको अवस्थामा तोकिए अनुसारको आवास पुनर्निर्माण/पुनर्स्थापनाका अनुदान सरकारको तर्फबाट बैंक मार्फत उपलब्ध गराईने छ।

प्रथम पक्ष (लाभग्राही)

(क) लाभग्राहीको व्यक्तिगत विवरण

लाभग्राहीको नाम, थर

अंग्रेजीमा ..........................................नेपालीमा ..........................................................

ना.प्र.प.नं.।रा.प.प.नं उल्लिखित ठेगाना

जिल्ला ........................

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.................................... वडा नं. ...

ना.प्र.प.नं.।रा.प.प.नं. ................जारी जिल्ला ................ जारी मिति———/—— /———

जन्म मिति मिति......./......./....... सम्पर्क फोन नं. ..........................

स्थायी ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा

(बसाई सराईको विवरण उल्लेख गर्ने)

बसाई सराई प्रमाण-पत्र नं. ....... बसाईसराईको मिति......./ ......./ .......

लाभग्राहीको फोटो

सम्झौता-पत्रमा हस्ताक्षर गर्न अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण

(लाभग्राही उपस्थिति हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

संरक्षक/अधिकार प्राप्त/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर ..................................

स्थायी ठेगाना

जिल्ला.......................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ................ वडा नं. ...

ना.प्र.प.नं./रा.प.प.नं.. ............. जारी जिल्ला ..................... जारी मिति......./ ......./ .......
बाजेको नाम, थर ................................ बाबु/आमाको नाम, थर ................................
लाभग्राहीसँगको नाता ................ सम्पर्क फोन नं. ......................
म लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

दाँया बाँया

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ...........................
मिति ............ / /

(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)
बैंक खाता नं. ...............................................................
खाता वालाको नाम, थर .....................................................
बैंकको नाम .......................................................
शाखा .............................................................

(ग) घर निर्माण हुने जग्गाको विवरणः
कित्ता नं. ....................... क्षेत्रफल .............
ठेगाना :
जिल्ला .....................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका. ............. वडा नं. ......
निर्माण हुने घरको किसिमः
डिजाईन क्याटलगबाट छानिएको डिजाईन भए डिजाईन नं. ................ वा आफ्नो बेग्लै डिजाईन बनाउने भए,
(क)नक्सा पास नं. ...............
(ख)अन्य .......................... तोकिएको न्यूनतम मापदण्ड अनुसार आवास पुनर्निर्माण गर्न सहमत छु ।

ईच्छाईएको व्यक्तिको नाम, थर ................ ..... ..... ..... ..... लाभग्राहीसँगको नाता ................
साक्षीको नाम, थर ............................................... हस्ताक्षर ................................
दोश्रो पक्ष (स्थानीय तह) कार्यालयको छाप
..... ..... ..... ..... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका
कार्यालयको नाम ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... .....
ठेगाना .................... ..... ..... ..... ..... ..... .....
अधिकार प्राप्त पदाधिकारीको नाम ....................................
पद .................................
हस्ताक्षर ........................

मिति ...................../ ..... / .....

आवश्यक कागजातहरुः

१. ना.प्र.प.नं.।रा.प.प.नं..को प्रतिलिपि २. जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि (पुनर्निर्माण।पुनस्थापना गर्ने घडेरीको) ३. अनुहार प्रष्ट देखिने फोटो ४. सर्वेक्षण निस्सा ५. प्रतिनिधिको हकमा अख्तियारी प्रत्यायोजनको कागजात ६. सम्बन्धित वडा कार्यालयको सिफारिश र सर्जमिन मुचुल्का ७. अन्य कुनै प्रमाण भए उल्लेख गर्नेः ८. प्रहरीको मुचुल्का

## अनुसूची - १०

(दफा १२ को उपदफा (१) (ख) सँग सम्बन्धित)

भौगोलिक अवस्था, सडक मार्गमा पहुँच, निर्माण लागतको आधारमा

| क्र.म. | समूह "क" | समूह "ख" | समूह "ग" |
|---|---|---|---|
| १ | ताप्लेजुङ | ओखलढुंगा | झापा |
| २ | संखुवासभा | खोटाङ | मोरङ |
| ३ | सोलुखुम्बु | भोजपुर | सुनसरी |
| ४ | रसुवा | धनकुटा | उदयपुर |
| ५ | मनाङ | तेह्रथुम | सप्तरी |
| ६ | मुस्ताङ | पाँचथर | सिरहा |
| ७ | रुकुम पूर्व | इलाम | धनुषा |
| ८ | डोल्पा | नुवाकोट | महोत्तरी |
| ९ | मुगु | काभ्रेपलाञ्चोक | सर्लाही |
| १० | हुम्ला | कास्की | रौतहट |
| ११ | जुम्ला | लमजुङ | बारा |

| क्र.म. | समूह "क" | समूह "ख" | समूह "ग" |
|---|---|---|---|
| १२ | कालिकोट | तनहुँ | पर्सा |
| १३ | बाजुरा | स्याङ्जा | सिन्धुली |
| १४ | बझाङ | पर्वत | मकवानपुर |
| १५ | दार्चुला | बाग्लुङ | चितवन |
| १६ | दोलखा | रोल्पा | नवलपरासी पूर्व |
| १७ | सिन्धुपाल्चोक | प्युठान | नवलपरासी पश्चिम |
| १८ | गोरखा | गुल्मी | रुपन्देही |
| १९ | धादिङ | अर्घाखाँची | कपिलवस्तु |
| २० | रामेछाप | पाल्पा | दाङ |
| २१ | म्याग्दी | दैलेख | बाँके |
| २२ | | जाजरकोट | बर्दिया |
| २३ | | रुकुम पश्चिम | कैलाली |
| २४ | | सल्यान | कञ्चनपुर |
| २५ | | बैतडी | सुर्खेत |

| क्र.म. | समूह “क” | समूह “ख” | समूह “ग” |
| --- | --- | --- | --- |
| २६ | | डडेल्धुरा | |
| २७ | | डोटी | |
| २८ | | अछाम | |
| २९ | | काठमाडौं | |
| ३० | | भक्तपुर | |
| ३१ | | ललितपुर | |

## अनुसूची -११

(दफा १२ को उपदफा (१) (ख) (२) सँग सम्बन्धित)

**प्राविधिक निरीक्षण फाराम (प्रथम)**

**घरधनी/लाभग्राहीको पुरा नामः**

**परिवार सङ्ख्या:**

**घरको प्रकार चयन गर्नुहोस् ।**

| | | |
|---|---|---|
| १. | कंक्रिट ढलानको पिलरवाला ( क र ख वर्ग) वर्गका घर | [ ] |
| २. | कंक्रिट ढलानको पिलरवाला "ग" वर्गका घर | [ ] |
| ३. | माटो मसलाको जोडाईमा ढुङ्गाको गारो वाला "ग" वर्गका घर | [ ] |
| ४. | माटो मसलाको जोडाइमा ईट्टाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ५. | सिमेन्ट मसलाको जोडाइमा ढुङ्गाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ६. | सिमेन्ट मसलाको जोडाइमा इट्टाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ७. | गारोवाला घर (Confined Masonry) | [ ] |
| ८. | सिमेन्ट मसलाको जोडाइमा इन्टरलक ईट्टाको गारोवाला घर | [ ] |
| ९. | हलुका काठको फ्रेमबाट बनेका ("ग" वर्ग )घर | [ ] |
| १०. | सिमेन्ट बाँस फ्रेम प्रविधिबाट बनेका घर | [ ] |
| ११. | सि.एस.ई.बि. ब्लक "ग" वर्गको घर | [ ] |
| १२ | कंक्रिट ब्लकको गारोवाला "ग" वर्गको घर | [ ] |

नोटः प्राधिकरण र सहरी विकास तथा भवन निर्माण विभागद्वारा सिफारिस गरिएका थप घरहरुको प्रकारलाई समेत यस वर्गीकरणमा समावेश गर्न सकिनेछ।

# अनुसूची -१२

(दफा १२ को उपदफा (१) (ख) (३) सँग सम्बन्धित)

**प्राविधिक निरीक्षण फाराम (अन्तिम)**

**घरधनी/लाभग्राहीको पुरा नामः**

**परिवार संख्याः**

**घरको प्रकार चयन गर्नुहोस् ।**

| | | |
|---|---|---|
| १. | कंक्रिट ढलानको पिलरवाला (क र ख वर्ग) वर्गका घर | [ ] |
| २. | कंक्रिट ढलानको पिलरवाला "ग" वर्गका घर | [ ] |
| ३. | माटो मसलाको जोडाईमा ढुङ्गाको गारो वाला "ग" वर्गका घर | [ ] |
| ४. | माटो मसलाको जोडाइमा ईट्टाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ५. | सिमेन्ट मसलाको जोडाइमा ढुङ्गाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ६. | सिमेन्ट मसलाको जोडाइमा इट्टाको गारोवाला "ग" वर्गका घर | [ ] |
| ७. | गारोवाला घर (Confined Masonry) | [ ] |
| ८. | सिमेन्ट मसलाको जोडाइमा इन्टरलक ईट्टाको गारोवाला घर | [ ] |
| ९. | हलुका काठको फ्रेमबाट बनेका ("ग" वर्ग) घर | [ ] |
| १०. | सिमेन्ट बाँस फ्रेम प्रविधिबाट बनेका घर | [ ] |
| ११. | सि.एस.ई.बि. ब्लक "ग" वर्गको घर | [ ] |
| १२ | कंक्रिट ब्लकको गारोवाला "ग" वर्गको घर | [ ] |

नोटः प्राधिकरण र सहरी विकास तथा भवन निर्माण विभागद्वारा सिफारिस गरिएका थप घरहरुको प्रकारलाई समेत यस वर्गीकरणमा समावेश गर्न सकिनेछ।

# <u>अनुसूची -१३</u>

<u>(दफा १२ को उपदफा (१) (ख) (५) सँग सम्बन्धित)</u>

## सुधार वा प्रबलीकरण आदेशका लागि निरीक्षण फाराम

"विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१" अनुरुप निर्माणाधिन भवनको मिति – – – – को प्राविधिक निरीक्षण पश्चात् निजको निर्माणाधीन भवनले पहिलो।अन्तिम निरीक्षण तह सम्मको न्यूनतम मापदण्ड पुरा नगरेको पाइएकोहुनाले सुधार/प्रबलीकरणको यो निर्देशन गरिएको छ।

| निरीक्षण विवरण | | | |
|---|---|---|---|
| लाभग्राहीको घरधनीको पुना नामः | | निस्सा नं. :<br>ना.प्र.प.नं.।रा.प.प.नं.. | |
| ठेगानाः | जिल्ला :<br>गा.पा./न.पा.:<br>वडाः<br>टोलः<br>जग्गाको कित्ता नं.: | | |
| (क) घरको जाँचका लागि दिइएको आवेदनमा भएको विवरण | | | |
| स्वीकृत नक्सा डिजाईन मध्येको भए डिजाईन नं. : | | | |
| अन्य आफ्नै डिजाईनको हकमा निर्माणको अवस्थाः | | नक्सा पास नं. : | |
| | | अन्य : | |
| (ख) सुधार वा प्रबलीकरणको प्राविधिक विवरणः | | | |
| प्राविधिक निरीक्षणपछि सुधार वा प्रबलीकरणको लागी दिईएको निर्देशन | | सुधार पछिको अवस्था | |
| (ग) सुधार पछि घरको मोटामोटी नक्सा | | | |
| (घ) देखिएका प्राविधिक विवरणहरुको विश्लेषण गरी घर निर्माणको लागि सिफारिस गर्न उपयुक्त देखिन्छ?/ देखिँदैन? | | देखिन्छ<br>[ ] | देखिदैन<br>[ ] |
| [ ] प्राविधिक निरीक्षणबाट प्राप्त भएको थप निर्माण कार्य अगाडि बढाउनको लागि तथा [ ] दोस्रो/ [ ] अन्तिम किस्ताको भुक्तानीको लागि प्रमाणित गरिएको छ । | | | |
| [ ] सुधार/प्रबलीकरण गर्नुपर्ने देखिएकोले पुनः सुधार/प्रबलीकरण आदेश दिइएको छ । | | | |

| | |
|---|---|
| प्राविधिक जाँच/निरीक्षण गर्नेको | नाम,थरः<br>पदः<br>हस्ताक्षरः<br>मितिः |
| जाँच/निरीक्षणमा देखिएको प्राविधिक विवरण ठीक साँचो छन् भनी स्वीकार गर्ने | घरधनी/लाभग्राही वा प्रतिनिधिको नाम,थरः<br>हस्ताक्षरः<br>प्रतिनिधिको घरधनी/लाभग्राहीसँगको नाताः<br>मितिः |
| सम्बन्धित वडा कार्यालय | नाम,थरः<br>पदः<br>हस्ताक्षरः<br>मितिः |

# अनुसूची -१४

<u>(दफा १२ को उपदफा (१)(ख)(६) सँग सम्बन्धित)</u>

## निर्माण सम्पन्न प्रमाणपत्र

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको कार्यालयः .......................................

"विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१" निर्माणाधीन भवनको निर्माण कार्य सम्पन्न भई अन्तिम प्राविधिक निरीक्षण समेत सम्पन् भईसकेकोले देहाय बमोजिमको विवरण भएको घरको लाभग्राहीलाई यो निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिएको छ।

| | | | |
|---|---|---|---|
| लाभग्राही घरधनीको विवरण | | | |
| नाम थर | सम्झौता क्र.सं. नं.: | | |
| | निस्सा नं.: | | |
| | ना.प्र.प.नं.।रा.प.प.नं. | | |
| ठेगानाः | जिल्ला :<br>गा.पा./न.पा.:<br>वडाः<br>टोलः<br>जग्गाको कित्ता नं.: | | |
| घरको जाँचका लागि दिइएको आवेदनमा भएको विवरण | | | |
| स्वीकृत नक्सा डिजाइन मध्येको भए डिजाईन नं.: | | | |
| अन्य आफ्नै डिजाइनको हकमा निर्माणको अवस्थाः | नक्सा पास नं | | |
| घरको विवरण | | | |
| लम्बाईः | चौडाईः | उचाईः | |
| प्लिन्थ लेवलको क्षेत्रफलः | जम्मा क्षेत्रफलः | | |
| प्राविधिक जाँच/निरीक्षण गर्ने | | | |
| नाम,थरः | पदः | हस्ताक्षरः | मितिः |
| जाँच/निरीक्षणमा देखिएका प्राविधिक विवरण ठीक साँचो छन् भनी स्वीकार गर्ने | | | |
| घरधनी/लाभग्राही वा प्रतिनिधिको नाम,थरः | हस्ताक्षरः | प्रतिनिधिको घरधनी/लाभग्राहीसँगको नाताः | मितिः |
| निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्ने अधिकारी | | | |
| नाम,थरः | पदः | हस्ताक्षरः | मितिः |

## अनुसूची -१५

(दफा १२ को उपदफा (४) को (ख) सँग सम्बन्धित)

**जग्गा खरिद अनुदानका लागि स्वःघोषणा फाराम**

-

सर्वेक्षण निस्सा नं.ः– ------------ लाभग्राही सम्झौता नं. : ---------------

म ----------------------------- विपद् (भूकम्प, बाढी, पहिरो (सुख्खा पहिरो र हिमपहिरो समेत), डुबान, आगलागी, चटयाङ्ग र हावाहुरी)बाट क्षतिग्रस्त भएको निजी आवास पुनर्स्थापनाका लागि ------------- प्रदेश ------------------- जिल्ला ---------------- महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ---------------- गाउँ/टोल ----------------- बस्ने श्री ---------------------------को नाती/नातिनी श्री ------------------ को छोरा/छोरी/श्रीमती वर्ष ------------ को लाभग्राही श्री --------------------------- को नेपाल भित्र अन्यत्र कतै पनि मेरो वा मेरो परिवार सदस्यको नाममा समेत जग्गा नभएको भनी यो स्वःघोषणा गरेको छु। झुठा विवरण पेश गरी सरकारले उपलव्ध गराउने जग्गा अनुदान रकमको सुविधा प्राप्त गरेको ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु।

निवेदक :

नामः

दस्तखतः

ना.प्र.प.नं./रा.प.प.नं..

मोवाइल नं.ः

रोहवरः<br>
नामः<br>
पदः<br>
दस्तखतः<br>
कार्यालयः<br>
मोवाइल नं.ः

# अनुसूची -१६

<u>(दफा २० को उपदफा (४) सँग सम्बन्धित</u>

## <u>गुनासो दर्ता फाराम</u>

गुनासो फाराम क्रम संख्याः................

| | |
|---|---|
| गुनासोकर्ताको नाम थर | |
| ना.प्र.प.नं./रा.प.प.नं.. जारी मिति र जिल्ला | |
| सम्पर्क नः | |
| गुनासो कर्ताको बाबु/आमाको नाम थर | |
| पति/पत्नी को नाम थर | |
| ना.प्र.प.नं./रा.प.प.नं.. , जारी मिति र जिल्ला | |
| परिवार संख्या | |

ठेगानाः

| | | | |
|---|---|---|---|
| जिल्ला : | महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.: | वडाः | टोलः |

गुनासोको किसिम

(क) निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनासँग सम्बन्धी गुनासो

(ख) अनुदान वितरण सम्बन्धी गुनासो

(ग) प्राविधिक जनशक्ति परिचालन

(घ) मापदण्ड पालना सम्बन्धी

(ङ) सुशासन सम्बन्धी

(च) अन्य गुनासो

गुनासोको संक्षिप्त ब्यहोराः

गुनासोकर्ताको हस्ताक्षरः

मितिः

गुनासो दर्ता गर्ने महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका अधिकारीको

हस्ताक्षरः .............................

नामः ..................................

पदः....................................

## अनुसूची -१७

<u>(दफा २१ को उपदफा (३) सँग सम्बन्धित</u>

शहरी विकास मन्त्रालयले स्वीकृत गरेको भवनको मापदण्ड

**शहरी विकास मन्त्रालयको वेवसाइटको**

Design Catalogue for Reconstruction of Earthquake Resistant Houses (dudbc.gov.np)

Design Catalogue for Reconstruction of Earthquake Resistant Houses VOLUME-II (dudbc.gov.np)

***मा उपलब्ध छ।***

## अनुसूची -१८

(दफा २२ को उपदफा (५) सँग सम्बन्धित

**जोखिम वर्गका लाभग्राहीले प्रतिनिधिको रूपमा स्वयंसेवक तोक्ने फाराम**

म ............... जिल्ला...................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ......... गाउँ/टोल .......... निवासी श्री ................................. को नाति/नातिनी/बुहारी श्री ...................... को छोरा/छोरी/श्रीमती वर्ष ................को विपद् (भूकम्प, बाढी, पहिरो (सुख्खा र हिम पहिरो समेत), डुवान, आगलागी, चट्याङ्ग र हावाहुरी) प्रभावित लाभग्राही श्री/श्रीमान्/श्रीमती/सुश्री..................................... सर्वेक्षण निस्सा नं. ......................... ले आफै उपस्थित भई लाभग्राहीको सुविधा लिन ................................. कारणले असमर्थ रहेको हुँदा मेरोतर्फबाट ................ जिल्ला...................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ......... गाउँ/टोल .......... निवासी श्री ................................. को नाति/नातिनी/बुहारी श्री ...................... को छोरा/छोरी/श्रीमती वर्ष ................को ...... नाता भएको श्री/श्रीमान्/श्रीमती/सुश्री .................................. लाई मेरो निजी आवास पुनर्निर्माण/पुनर्स्थापना/प्रबलीकरण कार्यक्रम अन्तर्गत जोखिम वर्गको लाभग्राहीका हैसियतले तोकिएका कार्य गर्नका लागि प्रतिनिधि कायम गरिदिनु हुन यो अख्तियारीनामा प्रदान गरेको छु।

माथि उल्लिखत विवरण ठीक छन् झुट्टा ठहरिए कानून बमोजिम सजाय भोग्न तयार छु।

ईति सम्बत् २०.. साल .. महिना.. गते

| अख्तियारी दिने | अख्तियार लिने |
|---|---|
| हस्ताक्षरः.................... | हस्ताक्षरः...................... |
| नामः ................................ | नामः ................................... |
| ठेगानाः .................................. | ठेगानाः ................................. |
| सर्वेक्षण निस्सा नं. ...................... | ना.प्र.प.नं.।रा.प.प.नं ................. |

प्रमाणित गर्ने

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका अधिकारीको

हस्ताक्षरः .............................

नामः .................................

पदः....................................

संलग्न हुनु पर्ने कागजातः

१. दुवै जनाको ना.प्र.प.वा रा.प.प प्रतिलिपि
२. लाभग्राहीको निस्साको प्रतिलिपि

सम्बन्धित वडा कार्यालयबाट जारी भएको नाता प्रमाणित प्रमाण पत्रको